नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०६९ पुष पूर्णिमा/य:मरि पुन्हि
वर्ष ४० अंक ९

बु.सं. २५५६
ने.सं. ११३३

The Ananda Bhoomi (Year 40, Vol. 9)
A Buddhist Monthly : Dec./Jan. 2012

*प्रमुख सल्लाहकार:*
**भिक्षु मैत्री महास्थविर** (प्रमुख, आ. कु. वि.)

*सल्लाहकार :* **भिक्षु धर्ममूर्ति** (कार्यवाहक प्रमुख, आ.कु.वि.)

*व्यवस्थापक :* **भिक्षु अस्सजि,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण तथा अर्थ :* **भिक्षु पियदस्सी**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापन:* **सुरेश महर्जन**, स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्ग :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका**, ख्वप

*सम्पादन सहयोगी*
**भिक्षु वजिरञाण**, बुद्धविहार भृकुटीमण्डप

*सम्पादक/प्रकाशन संयोजक:*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरु:***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य (बुटवल), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्ग), विजय गुरूङ्ग (लमजुङ्ग) ।

*मुद्रण:*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, ललितपुर, फोनः २१२०२३५

*प्रकाशक:*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**अयसाव मलं समुट्ठितं- तदुट्ठाय तमेव खादति ।**
**एवं अति धोनचारिनं सकं - कम्मानि नयन्ति दुग्गति ॥**

***अर्थात् :** जस्तो फलामबाट निस्केको खियाले फलामलाई नै खान्छ, त्यस्तै केवल सदाचारको उल्लंघन गर्ने व्यक्तिलाई उसको कर्मले उसैलाई दुर्गतिमा पुऱ्याउँछ।*

नं पिहांवःगु मलं नंयात तुं नष्ट याइगु थें, केवल नयेत्वनेया निंतिं चञ्चल जुयाजूम्ह व्यक्तियात थःगु कर्मं थःत तुं दुर्गती यंकी ।

Just as rust arising from iron eats away the base from whit it arises, even so, their own deeds lead transgressors to states of woe. **- धम्मपद, २४०**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com, kondanya@soon.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**

**वार्षिक रू. १५०/-** **एकप्रति रू. २०/-** **वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

सम्पादकीय

# अस्थिरताले समाधान पाओस्

नेपालमा विगतको दशवर्षीय जनयुद्ध तथा दोस्रो जनआन्दोलनपश्चात् विभिन्न राजनीतिक दलबीच स्थापित वृहत शान्तिसम्झौतापश्चात् अन्तरिम संविधान-०६३ हुँदै नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसम्पन्न, धर्मनिरपेक्ष, समावेशी, छुवाछूतमुक्त संघीय लोकतान्त्रिक-गणतान्त्रिक राज्यका रूपमा अगाडि बढाउने निर्णयसहित संविधान सभासम्मको कठिन-यात्रा तय भएको कुरा हामी सबैलाई थाहा भएकै कुरा हो । तर बिडम्बना ! ऐतिहासिक संविधान सभा गत २०६८ जेठ १४ गते मध्यराति विघटन भइसकेको छ । त्यसपछिको संक्रमणकाल झन् अस्थिरतामै लुटपुटिएको छ । देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य पुनःसंरचनामा परिणतहुँदै जनताले नै संविधान निर्माण गर्ने संविधान सभाजस्तो युगान्तकारी ऐतिहासिक जिम्मेवारी वहन गरी संविधान लेखन कार्यले रचनात्मक गति लिइसक्नु पर्ने त्यो अत्यन्त संवेदनशील घडीमा जिम्मेवार राजनीतिक दलहरू तसमस गर्नुमैं रमाइरहे, फोहरी चालबाजी-तिकडम बाजीमैं व्यस्त रहे । गत २०६७ जेठ १४ गतेभित्र निश्चित रूपमा संविधानको घोषणा हुन्छ, देशमा दीगो शान्ति छाउने छ, राजनीतिक स्थीरताले आयामिक विकासमा परिवर्तन-प्रवाह देखिनेछ भनी जे जस्ता ईच्छा-आकांक्षारूपी भारी बोकेका थिए, अन्ततः हात्ति आयो हात्ति आयो फुस्सा झैं ती सबै धुलोमा मिसाउने कार्य भयो, पुनः एकवर्षको अवधि थप्ने भन्दै गत २०६८ जेठ १४ गतेभित्र संविधानको घोषणा गरिने भनी सीधासाधा हामी जनताको मुखमा चाइचाइ-पेँडा कोच्याउने काम भयो, आखिर जनता सबैलाई जिल्लाराम पारिदिए ।

देशको विकास, शान्ति स्थापना, दिगो शान्तिको हवाला आदि थरी थरी कोराकल्पना-सपनासरी आशा बाँट्दै सरकारको जिम्मेवारी लिनेहरूले तँछाड मछाडकै रूपमा किन नहोस्, सरकारको बागडोर सम्हाल्छन् तर पूर्ण हुन सकेका छैनन् । कसैलाई गालिगलौजभन्दा पनि सम्बद्ध जिम्मेवारहरू बीचमा अनावश्यक 'शक्ति द्वन्द्व' हावी हुनु वा हावी गराउनु, एकले अर्कोलाई निमिट्यान्न पार्न खोज्नु, उक्साउनु थचार्नुजस्ता अत्यन्त नीच, घृणित, फोहरी खेलमा रमाउने जुन प्रवृत्ति झ्याङ्गिदो छ, त्यो अत्यन्त दुःखदायी एवं पतनोन्मुख विधिव्यवहार भइरहेकोछ छ, जसले खाल्डो खन्ने अनि सबैलाई पुर्नेजस्तो कार्य भइरहनु समग्रमा यो कसैका लागि पनि सुखकर-शान्तिकर विषय होइन । सम्बद्ध जिम्मेवारहरूले आफ्नो जिम्मेवारीबोध गर्नुभन्दा नाटकीय मञ्चनस्वरूप जसरी हुन्छ आ-आफ्नो दुनो सोझ्याउने मात्र खेल खेलिरहेको दृश्य-परिदृश्य प्रत्यक्ष देखिरहने हामीलाई यो झगडालु-लोभीपापी-सत्तापिपासु-धोखाबाजी चरित्रका कारण, यही हविगत यथावत रहिरहने हो भने आगामी बैखाखमा पनि संविधान सभाको चुनाव हुने लक्षण देखिंदैन । आपसी खिचातानीका कारण हाम्रो प्रतिक्षाको घडी सुखद् नहुन सक्छ । त्यसो त हिलोमा माछा मार्ने प्रवृत्तिका कारण धर्मनिरपेक्षताको विरूद्धमा आवाज बुलन्द पारी यो देशलाई पुनः हिन्दू राष्ट्र कायम गरी छाड्ने, राजतन्त्र पुनःस्थापना गर्ने जस्ता पुनरूत्थानवादीहरूले टाउको उठाउने जुन दुस्साहस गरिरहेका छन्, यो पनि गम्भीर विषय नै हो । संघीयता, धर्मनिरपेक्षलगायत पहिचानको मुद्दालाई स्थापित गर्नेतर्फ सम्बद्ध सबैको ध्यान आकर्षित हुनु जरूरी छ ।

सहमति भनेर रातदिन-महिनौं-वर्षौं जपेर पनि हातमा लाग्यो शून्य हुने फोहोरी खेलरूपी नाटक मञ्चन कहिलेसम्म जारी रहने हो ? ! हेर्न बाँकी नै छ, तर जसरी हुन्छ मिलेर, सहमतीय वातावरण तय गरी देशको समुन्नत भविष्यको ख्याल गरी द्रुत गतिमा अगाडि बढ्नुपर्ने यो संवेदनशील घडीमा समेत राज्य व्यवस्थासम्बद्ध निकायहरू लिखितममा विधिको शासन, विधानका धाराउपधारा, आचारसंहिता फलाकिरहेका हुन्छन् भने बकतम-व्यवहारमा स्वार्थं मूल मन्त्रश्यं स्वाहाः भन्ने जपनासँगै आआफ्नो डम्फु बजाउँदै मेरो गोरूको बाह्रै टक्का भन्ने भावलाई काखी च्याप्दै भागबण्डा र टिकाउ प्रवृत्तिरूपी दलदल धरापमा फंसिरहेका छन् । विचरा यिनीहरूका सोचविचारमा कहिले मात्र शुद्धता आउने हो, मुखले ठिक्क अनि व्यवहारले दिक्क पार्न खप्पिस यी फोहरी खेलका स्वनामधन्य च्याम्पियनहरूको जुहारी खेललाई हामी शान्तिगामी सीधासाधा जनताले कहिलेसम्म मुक दर्शक भएर हेरिरहनु पर्ने हो, यो अनिश्चित भविष्यको गर्भझैं पो हुने हो कि !? यिनीहरूको घैंटोमा घाम लाग्ने कहिले होला नि !?

त्यसैले देश र जनताको सदैव हितसुख चाहने हो भने व्याप्त फोहरी खेलरूपी द्वन्द्व निराकरणार्थ दीर्घकालीन समाधानका लागि सम्बद्ध राजनीतिक पार्टी एवं नेताहरू जिम्मेवार ढंगले प्रस्तुत हुनु, वृहत शान्ति सम्झौता नभाँडियोस् भनी निरन्तर लागिपर्नु आजको प्रमुख आवश्यकता हो । जब हामीले समुन्नत राष्ट्रको अवधारणालाई कुल्चिने हुन्छौं, शान्ति होइन अशान्तमा पिल्सिने र जकडिने हुन्छौं तब अराजकता एवं हिंसाजन्य आपराधिक गतिविधिले अझ बढी प्रश्रय पाउने हुन्छ । यसउसले जसरी हुन्छ दीगो सुखशान्तिका लागि वृहत शान्ति सम्झौतालाई सम्बद्ध सबै सबैले व्यवहातः पालना गर्ने र गराउनेतर्फ केन्द्रित हुनैपर्छ, व्यक्तिगत, दलीय स्वार्थभन्दा माथि उठी सम्बद्ध सबैले आआफ्नो क्षेत्रबाट त्यागमय योगदान गर्नैपर्छ, आफ्नो गोरूको् बाह्रैटक्का भन्ने भाव चटक्क छोडी दीगो शान्ति तथा समयमै पुनः संविधान सभाको चुनाव गरी संविधान घोषणा गर्न सम्बद्ध सबैमा बुद्धि पलाओस्- यही मैत्रीपूर्ण शुभकामना !

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | प्रश्न-उत्तर | कल्याण मित्र सत्यनारायण गोयन्का | ४ |
| २. | ध्यान गर्ने विधि | भिक्षु बोधिज्ञान | ५ |
| ३. | कलुषित मनसाय विरोध | लोकबहादुर शाक्य | ८ |
| ४. | संसार र निर्वाण | डा. गणेश माली | १० |
| ५. | बौद्धहरुको तथ्यांक वा मिथ्यांक ? | केशरी वज्राचार्य | १२ |
| ६. | क्रोधले हित गर्दैन | कोण्डन्य | १४ |
| ७. | कथिन दानमा प्राप्त तालिका | अखिल नेपाल भिक्षु महासंघ | १६ |
| ८. | धर्म र नेपाली कम्युनिष्ट | आहुति | १८ |
| ९. | बुद्धको अन्तिम यात्रा विवरण-१३ | अनु. दुण्डबहादुर वज्राचार्य | २५ |
| १०. | गजल | वजिरत्राण | २६ |
| ११. | गथे पाः जूगु खः स्वयेमाल | हेरारत्न शाक्य | २७ |
| १२. | प्रभातफेरी | ब्रह्मशेखर वज्राचार्य | २७ |
| 13. | Faith Without Knowledge | Pro. Subarna Sakya | 28 |
| १४. | बौद्ध गतिविधि | | ३० |





# प्रश्न-उत्तर

✍ **कल्याण मित्र सत्यनारायण गोयन्का**



*प्रश्न. भगवान् बुद्धलाई बोधित्व प्राप्त भइसकेपछि पनि के ध्यानको अभ्यास गर्नु जरूरी थियो ?*

ऊत्तर. थियो । जरूरी छ । बुद्ध भयो भन्दैमा प्रकृतिको नियमले छुट्टै व्यवहार गर्दैन । हाम्रो शरीरमाथि प्रकृतिको नियम भनेको सड्नु र मर्नु हो । शरीरलाई शक्ति चाहिन्छ । बुद्धले ध्यान गर्दा-गर्दै निर्वाणको अनुभव गर्ने अवस्थामा पुग्दा आफ्नो शरीर स्वस्थ भएको पाउनुहुन्थ्यो । यसबाट स्फूर्ति बढ्छ र उहाँ काम गर्ने क्षमता बढेको अनुभव गर्नुहुन्थ्यो ।

उहाँको शरीरले दिनमा दुई अढाई घन्टा पल्टिनु बाहेक चौबिसै घन्टा खटेर काम गर्नु पर्दथ्यो । आरामको आवश्यकता पर्छ, मन शान्त तर शरीरलाई आराम दिन मनको गहिराईसम्म निर्वाणको अवस्थासम्म पुग्नुपर्छ । जब निर्वाणको अवस्थामा पुग्छ शरीर ताजा र स्फूर्तिले भरिपूर्ण हुन्छ ।

*प्र. बुद्धको समयमा गंभीर ध्यान गर्नेहरूका लागि कुनै उपलब्धी गोप्य थिएन । तर यहाँ उपलब्धी बारे खुलेर छलफल गरिँदैन । नयाँ मान्छेहरूलाई आकर्षण गर्न यसको उपलब्धी बारे किन खुलेर छलफल नगर्ने ?*

ऊ. वास्तविक उपलब्धी भनेको अरहन्तको अवस्थामा पुग्नु हो । तिमी अरहन्त बन अनि म ठूलो स्वरमा सबैलाई भन्छु, हेर, मेरो एकजना विद्यार्थी अरहन्त भएको छ । सबैजना आऊ । तिमी अरहन्त नभएसम्म म के भनेर घोषणा गर्ने ? (हाँसो) सबैभन्दा ठूलो आकर्षण भनेको नै तिम्रो जीवनको बाटो बदल्नु हो । यदि तिमी असल मान्छे हौ भने धर्ममा अगाडि बढ्छ । त्यो नै धेरै हो ।

*प्र. साधना गर्दा हामीलाई किन दुःखद् सम्वेदना हुन्छ ? कृपया बुझाइदिनुहोस् ।*

ऊ. सम्वेदना विभिन्न किसिमका हुन्छन् यस्का विभिन्न कारणहरू छन् । यदि तिम्रो पलेट्टी कसेर बस्ने बानी छैन भने धेरै बेरसम्म यसरी बस्दा खुट्टा दुख्न सक्छ यो बसाईको कारणले भयो, त्यस्तै खानाको कारणले पनि शरीरमा दुःखद् सम्बेदना हुन्छ, त्यस्तै हामी बस्ने वातावरणको कारणले पनि दुःखद् सम्वेदना हुन्छ जस्तो धेरै गर्मी छ भने शरीर ज्यादै तातिएको महसुस हुन्छ र पसिना आउँछ । यसरी दुःखद् सम्वेदना हुनुका धेरै कारण छन् ।

दुःखद् सम्वेदना हुनुको अर्को कारण आफूले पहिला संचय गरेको संस्कारले पनि हुनसक्छ । जब साधक राम्ररी साधना गर्दछ तब अनित्यको तरङ्ग यति प्रबल हुन्छ कि भित्र दबिएका विकारहरू उप्किएर माथिल्लो सतहमा आइपुग्छन् । शुरूमा स्थूल खालका संस्कार माथि देखापर्छन् र जब ती सबै पूर्ण रूपमा निर्मूल हुन्छन्, तब त्यो ब्यक्ति स्रोतापन्न हुन्छ ।

यो भूईं बढार्नु जस्तै हो । पहिला ठू-ठूला कसिंङ्गर बढारिन्छन्, त्यसपछि त्यसभन्दा साना कसिङ्गर हुँदै मसिना धूलो पनि बढारिन्छन् । मसिनो ब्रूसले सफा गऱ्यो भने अझ बाँकी रहेका मसिना कण सफा हुन्छ र पानीले भूईं पखाल्यो भने अझ सफा हुन्छ । त्यस्तै प्रकारले विपश्यना साधनामा पनि काम गर्दै जाँदा स्थूलबाट सूक्ष्म र सूक्ष्मतम हुँदै जान्छ, यो प्रकृतिको नियम हो ।

*प्र. कसैको परिवारमा पति-पत्नीमध्ये एकजनाले मात्र विपश्यना गरेको हुन्छ, यस्तो अवस्थामा धर्म मार्गमा बढ्न कसरी प्रोत्साहन गर्ने ?*

ऊ. तिमी आफ्नो जीवन साथीलाई धर्मको बाटोमा अघि बढ्न दबाब दिन सक्दैनौ, दबाबले कुनै पनि काम हुँदैन । उसलाई मैत्री दिएमा मात्रै काम बन्दछ र बाँकी तिम्रो आफ्नो स्वभावले मदत गर्छ । तिम्रो जीवन साथीले सोच्ने छ कि, ओहो ऊ त एकै छिनमा रिसाउने मान्छे अब त उस्को स्वभावमा फरक भयो, त्यो ब्यक्ति त निकै घमण्ड गर्ने अब त्यस्तो रहेन ओहो विपश्यनाको अभ्यासले यस्तो परिवर्तन भयो । यसरी नै तिम्रो जीवन साथीलाई धर्मतिर तान्ने छ अन्य तरिकाले होइन ।

(श्रोत- *For The Benifit of Many* )


यस अङ्क



गताङ्कमा



आनन्द भूमि

**पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं**

**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०**

E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com

# ध्यान गर्ने विधि थाहा पाउनु आवश्यक छ

✍ भिक्षु बोधिज्ञान





**"महाजानियो आलारो कालामो"**
**"महाजानियो उद्दकरामपुत्तो"**

बुद्धत्व प्राप्तिको ७ सप्ताहपछि भगवान् बुद्धले सर्वप्रथम धर्मउपदेश दिनको लागि उपदेश चाँडै बुझ्नसक्ने व्यक्ति खोज्नुहुँदा लौकिक ध्यानमा धेरै माथि पुगिसकेका र आफूलाई धेरै उपकार भएका आलारकालाम र उद्दकरामपुत्रलाई सम्झनुभयो । त्यसरी सम्झनुहुँदा आलारकालाम एक हप्ता अघि मृत्यु भएर ६० हजार कल्प आयु भएको "आकिञ्चञायतन" भन्ने अरूप ब्रह्मभूमिमा र उद्दकरामपुत्र १ दिन अघि मात्र मृत्यु भएर **८४ हजार कल्प आयु** भएको "नैवसंज्ञानासंज्ञायतन" अरूप ब्रह्मभूमिमा उत्पन्न भएको कुरा थाहा पाउनुभयो । भगवान् बुद्धले गर्नुहुने चार आर्यसत्यको उपदेशले पनि ती दुबैलाई तत्क्षणमा अरहन्त मार्गफल लाभ हुनसक्ने भएतापनि सुन्नको लागि कान आदि शरीरको अङ्गप्रत्यङ्ग नभकोले उपदेश दिन जानसक्ने स्थिति नै भएन । ती-ती भूमिमा तिनीहरूको आयुसम्म जीवित रहेर फेरी मनुष्य आदिको रूपमा जन्म भई संसारको दुःख चक्रमा फस्न सक्ने कुरालाई बुझ्नु भई भगवान् बुद्धले आलारकालामलाई धेरै ठूलो हानी भयो, उद्रकरामपुत्रलाई धेरै ठूलो हानी भयो भन्ने कुरा व्यक्त गर्नुभएको थियो । (धर्मचक्र प्रवर्त्तन सूत्रोपदेश पेज ३१)[१]

छ द्वारमा उत्पन्न हुने नामरूप धर्ममा भाविता भएका भएर मात्र विपस्सना ज्ञान उत्पन्न भएको थाहा पाउन नसकेका आलारकालामलाई एक हप्ताले र उद्रकरामपुत्रलाई ७/८ घण्टाले फरक भएर धेरै ठूलो हानी भयो ।

आफूहरू लौकिक आदि जुनसुकै क्षेत्रमा उच्चस्तरको दक्षता र क्षमता भएतापनि यदि क्लेशलाई शमन दमन गरी मनलाई शुद्ध र शान्त पार्ने सतिपट्ठान विपस्सना ध्यान अभ्यास गर्ने विधि सुनिराखेको छैन, अध्ययन गरिराखेको छैन भने विभिन्न अवस्थामा कुन रूपमा स्मृति राख्नुपर्छ भन्ने कुरा थाहा पाउन सक्दैन । विधि थाहा नपाएको कारणले विपस्सना ध्यानको अभ्यास पनि गर्न सक्दैन जसले गर्दा सतिपट्ठान भावना अभ्यासबाट प्रत्यक्ष लाभ लिन सक्ने चित्त विशुद्धि आदि प्रतिफलहरू पाउन नसकी संसारको चक्रमा बारम्बार जन्म भई दुःखको भुमरीमा परिराख्नुपर्ने हुन्छ ।

बुद्ध, आर्य अर्हत् पुद्गलहरू जानुभएको स्मृतिप्रस्थान विपश्यना आचरण मार्ग-

१) सकल सत्त्व समूहको चित्त मलबाट रहित भई शुद्ध गर्नको निम्ति,
२) शोक गर्ने,
३) डाह हुने, विलाप गर्नेलाई अतिक्रमण गरी पार हुनको लागि,
४) शारीरिक दुःख, निरोध, शान्त गर्न र हटाउनको लागि
५) मानसिक दुःख निरोध, शान्त गर्न र हटाउनको लागि,
६) आर्यमार्ग प्राप्त गर्नको लागि र
७) निर्वाण साक्षात्कार गर्नको लागि एक मात्र मार्ग हो भन्ने स्मृतिप्रस्थान विपश्यनाको ७ प्रतिफललाई जान्न सकेको अवस्थामा मात्र व्यक्तिहरू, योगीहरूले यसलाई श्रद्धा राखी राम्ररी अभ्यास गर्न सकिने हुन्छ । अभ्यासबाट पाइने फाइदा थाहा नभएसम्म, नदेखेसम्म अभ्यास गर्न मन लाग्दैन र अभ्यासमा श्रद्धा पनि

[१] महाशी सयादो, भिक्षु ज्ञानपूर्णिक, ज्योति शाक्य (नेपाली अनु.), धर्मचक्र प्रवर्त्तन सूत्रोपदेश, (ललितपुरः सन्ति सुखावास प्रकाशन समिति) पेज ३००

उत्पादन गर्न सक्दैन । त्यसैले विपस्सनाको प्रतिफलमा श्रद्धा विश्वास पनि हुनुपर्छ, ध्यान अभ्यास गर्ने इच्छा राखी विधि पनि राम्ररी जानिराख्नुपर्छ । त्यसको लागि[२]

१) **उग्गह** - दुःखसत्य आदि के हो भन्ने कुरा थाहा पाउनु पर्छ । नाम रूपको बारेमा संक्षिप्तमा भएपनि बुझ्ने गरी ग्रन्थ अध्ययन गरिराख्नुपर्छ । सही तरीकाले अभ्यास गर्नुपर्छ त्यसको लागि कसरी ध्यान गर्नुपर्छ भन्ने ग्रन्थ अध्ययन गरी सही निर्देशन विधि थाहा पाउनुपर्छ ।

२) **परिपुच्छा** - नाम रूपको बारे, अभ्यासको क्रममा आएका शंका सन्देह, कठिनाइ आदि विषयमा स्पष्ट थाहा नभएको अवस्थामा गुरूहरूसंग सोध्नुपर्छ ।

३) **सवण - साधुकं सुनोम** - देख्ने, सुन्ने आदि वर्तमान अवस्थामा उत्पन्न भएको सबै विषयवस्तुको स्वभाव थाहा पाउने गरी राम्ररी भाविता गर्नुपर्छ । विषयवस्तुको स्वभाव थाहा पाउने गरी कसरी भाविता गर्नुपर्छ भन्ने निर्देशन कुरा आदर गौरवपूर्वक (मनबाहिर नपठाई) सुन्नुपर्छ ।

४) **धारण** - ध्यान अभ्यास गर्ने निर्देशन विधि सुनी थाहापाइसकेपछि कसरी कुन रूपमा अभ्यास गर्नुपर्छ भन्न नबिर्सने गरी मनमा राम्ररी धारण गरिराख्नुपर्छ ।

५) **सम्मसन** - अभ्यास विधि थाहा पाइसकेपछि निर्देशन अनुसार सही तरीकाले अभ्यासमा उतार्नुपर्छ । उत्पन्न विषयवस्तुमा वीर्य लगाएर भाविता गर्ने चित्त पुऱ्याई यथार्थरूपले भाविता गरिराख्नुपर्छ ।

६) **पटिवेध** — भाविता गर्ने चित्तले वर्तमान समयमा उत्पन्न विषयवस्तुलाई राम्ररी भाविता गर्नसके स्वभाव धर्म थाहा पाई चार आर्य सत्यलाई जान्न सकेको हुन्छ । र वीतिक्रम, परियुष्ठान र अनुशय क्लेश हटी मन स्वच्छ भई शासन सम्पत्ति प्राप्त भएको हुन्छ । शारीरिक, वाचिक व्यवहार सभ्य सुसंस्कृत, मन शान्तदान्त भएको तथा प्रज्ञा ज्ञानले युक्त भएको हुन्छ ।

कुनै एक बिरामी आफूलाई भएको रोगबाट मुक्त हुन डाक्टर, वैद्य कहाँ जाँदा बिरामीको रोग निरीक्षण परीक्षण गरिसकेपछि डाक्टर, वैद्यले दिएको निर्देशन अनुरुप औषधी सेवन गर्नुपर्ने हुन्छ । रोगी व्यक्तिले आफूलाई भइरहेको रोग पनि यथार्थरूपले बताउनुपर्ने हुन्छ । साथै डाक्टरले दिने औषधी सेवन गर्ने आदि परामर्श पनि राम्ररी सुन्नुपर्दछ । औषधी लिएअनुरूप सही मात्रामा समय मिलाएर सेवन पनि गर्नुपर्दछ ।

बिरामी व्यक्तिले औषधी सेवन गर्दा सेवन गर्ने विधि थाहा पाउनुपर्ने जस्तै शोक परिदेव आदिबाट मुक्त हुनको लागि विपस्सना अभ्यास गर्ने निर्देशन विधि थाहा पाउनुपर्छ । रोग निको पार्न चाहने रोगीले परामर्श अनुरूप औषधी सेवन गर्नुपरेजस्तै संसार दुःख चक्रबाट मुक्त हुन चाहनेले निर्देशित विधि अनुरूप अभ्यास गरेर व्यवहारमा पनि उतार्नु पर्दछ । आफूहरूले विपस्सना ध्यान सम्बन्धी विधि थाहा पाइराखेको छ र अभ्यास पनि बराबर गरिरहेको छ भने कुन अवस्थामा कसरी स्मृति राख्नुपर्छ भन्ने तुरून्तै थाहा पाएर होशमा रहनसक्ने हुन्छ र कुनैपनि खालि समयमा आफ्नो शरीरमा मन पठाई वा मानसिक अवस्थालाई भाविता गर्न सकी समयलाई सदुपयोग गर्न सक्ने हुन्छ र क्षणभरको समयमा पनि मन चञ्चल भएर बस्न नपरी शान्तदान्त भएर बस्नसक्ने हुन्छ ।

कुनै ठाउँमा जाँदा यसरी जानुपर्छ, फलाना ठाउँमा पुगेपछि दायाँबायाँ मोडिनुपर्छ वा सीधा जानुपर्छ, जाँदाजाँदै बीच बाटोमा कुनै किसिमले रोकावट भएर सीधा अगाडी जान नसकेको अवस्थामा मोडेर फलाना बाटो समातेर सरासर बढ्दै जानु, त्यहाँबाट गइरहँदा फलाना बाटो भेट्नासाथ कहींपनि नहेरी सीधा बाटो लिएर अगाडी बढेपछि पुग्नुपर्ने ठाउँमा पुगिन्छ भन्ने राम्रो मार्ग प्रदर्शक भएको अवस्थामा कुनै ठाउँमा जाँदा जानुपर्ने गन्तव्यस्थानमा शंका सन्देह नलिई अगाडी बढ्न सजिलो भइरहेको हुन्छ ।

हामीहरूको दैनिक जीवनमा प्रयोग हुने विभिन्न थरीका सरसामान प्रयोग गर्दा पनि ती सामानहरूको बारेमा कसरी प्रयोग गर्ने भन्ने यथार्थ जानकारी बुझिराख्यो भने पछिसम्म नै सजिलो भइराखेको हुन्छ । घडी, कम्प्यूटर आदि विद्युतिय सामान प्रयोग गर्दा पनि निर्देशन राम्ररी अध्ययन गर्नुपर्दछ । औषधी खाने, लगाउने सम्बन्धमा पनि

[२] महोपकारक सयादो ऊ पण्डिताभिवंशले पण्डिताराम जंगल ध्यानकेन्द्रमा विशेष शिविरमा २००९ डिसेम्बर ६ का दिन दिनु भएको उपदेशबाट

राम्ररी थाहा हुनुपर्दछ । एउटा सानो समस्या पनि निर्देशन पुस्तकको अभावमा वा त्यस क्षेत्रमा दखल भएकाको परामर्शविना लामो समयसम्म समाधान गर्न नसक्ने भइराखेको हुनसक्छ । जान्ने बुझ्ने, अभ्यास भएका अनुभवि व्यक्तिहरूले ती ती क्षेत्रमा चाँडै समस्या समाधान गर्नसक्ने हुन्छन् । आफूलाई थाहा नभएको कुरा बुझ्नेसंग सोध्नुपर्ने हुन्छ । कुनै सामान प्रयोग गर्दागर्दै कुनै अप्ठ्यारो पर्नासाथ निर्देशिकाको आधार लिनुपर्ने हुन्छ त्यसको लागि निर्देशिका पुस्तकहरू सुरक्षितसाथ राखिराख्नुपर्ने हुन्छ ।

पर्याप्त बल शक्ति लगाउन सक्ने युवावस्थामा नै शान्त र अनुकूल वातावरण भएको ध्यानकेन्द्रहरूमा १० दिने, ३० दिने आदि ध्यान शिविरमा जाँदा विपस्सना ध्यान भावना निर्देशन विधि शुरूमा स्पष्ट र बुझिने गरी राम्ररी सुन्नुको साथै अभ्यासको क्रममा आइरहेका विभिन्न शंका उपशंका, अप्ठयारा, कठिनाईहरूलाई ध्यान जाँचको क्रममा गुरूहरूसंग छलफल गर्ने, शिविरको दौरानमा योगीहरूलाई सुनाउने धर्मउपदेशबाट पनि योगीहरूको अभ्यासलाई अगाडी बढाउन थप मार्गनिर्देशन प्राप्त हुनुको साथै अभ्यास विधि स्पष्ट भई सन्तोष हुने गरी दृढरूपले सजिलैसंग अभ्यास गर्न पाउने हुन्छ । ध्यान विधिलाई राम्ररी जानीबुझी बस्ने, जाने, उभिने, लेट्ने (सुत्ने) यी चार इरियापथमा भइरहने हरेक गतिविधिमा राम्ररी स्मृति राख्न सकेको अवस्थामा समाधि भई उत्पन्न विषयवस्तुको स्वभावधर्म पनि थाहा पाउन सकिने हुन्छ ।

भगवान बुद्धद्वारा देशित महासतिपट्ठान सूत्रको आधारमा महोपकारक महाशी सयादोले निर्देशन दिईराख्नु भए अनुरूप पेट फुलेको, सुकेकोलाई मुख्य विषयवस्तु बनाई ध्यान अभ्यास गर्ने विपस्सना योगीहरूलाई अभ्यास गर्न सजिलो होस् र ध्यान अभ्यास गर्न आउने योगीहरूलाई भाषाको समस्या नहोस् भन्ने उद्देश्यले पण्डिताराम ध्यानकेन्द्रले १५ वटा विभिन्न भाषामा ध्यान निर्देशन MP3 मा रिकर्डिङ्ग गरी आवश्यकता अनुसार सुनाउने व्यवस्था गरिरहेको छ । संकलित र व्यवस्थित रिकर्डिङ्ग अनुरूप जुन भाषाभाषी योगी अभ्यासको लागि आउँछ, त्यही अनुरूप निर्देशन सुन्न दिएर मात्र ध्यान शिविरमा सामेल गराउने व्यवस्था भइरहेको छ । ध्यान निर्देशन सुनेको पनि छैन र अध्ययन पनि गरेको छैन भने कसरी ध्यान बस्ने ? के के भाविता गर्ने हो ? भन्ने नै थाहा हुँदैन । एक, दुई, पाँच, दशचोटी ध्यान विधि निर्देशन सुनिराखेको भएतापनि विभिन्न कामले बेफुर्सदी भएर ध्यान अभ्यास गर्ने धेरै छुटिराखेको अवस्थामा उत्पन्न विषयवस्तुलाई भाविता गर्नुपर्छ भन्ने सम्झन नसक्ने स्थितिमा समेत पुगिरहेको हुनसक्छ । ध्यान शिविरको अगाडी संक्षिप्त भावना निर्देशन सुन्ने अवस्थामा स्पष्ट मार्ग निर्देशन पाई ध्यान अभ्यास गर्न धेरै सहयोग पुग्न जान्छ भने लामो शिविर लिने बेलामा निर्देशनहरू बीचबीचमा २/३ पटक सुन्न सकेको खण्डमा अभ्यासमा थप होश राख्न फाइदा पुगिरहेको हुन्छ । जतिजति सुन्न पायो त्यतित्यति नै ध्यान विधि स्पष्ट भइरहेको अनुभव हुन्छ ।

नेपालमा संचारको विकाससंगै थेरवाद नेपाल समूहले सतिपट्ठान विपस्सना ध्यान सम्बन्धी उपदेश संगृहित पुस्तकहरूको साथै नेपालभाषा र नेपाली भाषामा हालसालै प्रकाशित बुद्धशिक्षाका विभिन्न पुस्तकहरू थेरवाद नेपाल वेबसाइट www.theravadanepal.net मा राखिदिएको कारणले विदेशमा रहेका नेपालीहरूले ती पुस्तकहरू सजिलै अध्ययन गर्न सक्ने भइरहेका छन् ।

संसारका विभिन्न भाषामा ध्यान निर्देशन पुस्तक तथा रिकर्डिङ्गको रूपमा भइरहेजस्तै बहुभाषिक रहेको बुद्धजन्मभूमि नेपालका नागरिकहरूले आ-आफ्नो भाषामा बुझ्न सक्ने गरी थारू, तामाङ्ग, गुरूङ्ग, मगर, शेर्पा आदि विभिन्न भाषामा पनि अनुवाद हुन सके ती भाषाभाषीहरूले पनि सजिलै बुझी, थाहा पाई ध्यान अभ्यास गर्न सकिने हुन्छ । संचारको द्रुतगतिले विकास भइरहेको अहिलेको अवस्थामा सम्पादन तथा अनुवाद भएको अंश पुस्तकको रूपमा प्रकाशन हुन नसकेपनि श्रव्यदृश्य संचार माध्यमबाट संसारभरी संप्रेषित गर्नसक्ने वातावरण भइरहेकोले प्रबुद्ध व्यक्तिहरूले अनुवाद गरेर आ-आफ्ना भाषाभाषीका दाजुभाइ दिदीबहीनीहरूलाई प्रेरणा दिन सकेको खण्डमा भगवान् बुद्धले देशना गर्नुभएको सतिपट्ठानको उपदेश अनुसार अभ्यास, उद्योग र आचरण गरी आ-आफ्नो क्षमता अनुसार चित्त विशुद्धि हुने आदि आनिशंसलाई प्राप्त गर्न सकिने हुन्छ ।

# कलुषित मनसाय विरोध गरी सुधार्नु पऱ्यो



✍ **लोकबहादुर शाक्य**

सन्देह, विचिकित्सा या विपरीत वुद्धि नभएको, सधैं आनन्द र प्रेम एवं सौमनस्य धेरै भइरहेको, धैर्यतायुक्त, आदर र गौरवयुक्त, कुकर्म र शीलसंवर आदिको त्रुटिप्रति लज्जा भएको, चुकिन्छ कि भन्ने डरयुक्त, शान्त याने इन्द्रियहरू नियन्त्रणमा भएको सत्त्वहरूको आराधना (सेवा) गर्नमा प्रयत्नशील भएकाहरू निर्वाणको बाटोमा अग्रसर हुन समर्थ हुन्छन् । यस प्रकारका महानुभावहरूले सधैं प्रकृति-अवदय र प्रज्ञप्ति-अवदय कर्म (दुबै थरीका पापकर्म) बाट रहित भई पुण्य विषयमा पूर्णरूपमा स्वाधीन भएर चर्या गर्नसक्ने हुन्छ । अनि निर्माण गरिएको वस्तुजस्तै सबैतिरबाट मिल्ने गरी निरभिमान अर्थात् मानरहित भएको चित्तलाई धारण गरिरहन्छ । सत्कर्म गरेर प्राप्त भएको उत्तम क्षणलाई मनमा राखेर फेरि फेरि पनि त्यो चित्तलाई राम्रोसँग स्थीर बनाइराख्दछ । जसरी पर्वतराज सुमेरूलाई वायु, आँधीजस्ता कुराले हलचल गराउन सक्दैनन् त्यसैगरी आफूसँग उत्पन्न भएको चित्तरत्नलाई पनि काम आदि वितर्करूपी वायुहरूले हल्लाउन नसक्ने गरी स्थीर राख्दछ । यसरी शील र समाधिद्वारा चित्तकर्मको परिनिष्पत्ति हुन्छ अर्थात् सिद्धि हुन्छ । यी शील र समाधि एक आपसमा बढावा दिने खालका हुन्छन् । चित्त परिकर्मलाई नै बोधिसत्त्व शिक्षा भनिएको हो । चित्त परिकर्म भनेको चित्तलाई अधीनमा पार्नु हो ।

शरीरको आफ्नो सामर्थ्य हुँदैन । चित्तबाट जसरी अऱ्हाउँछ त्यसरी चल्ने मात्र हो । अनात्म भएकोले म मेरो भन्ने छैन । मनुष्यको शरीर कर्म साधन भएकोले त्यसको सिद्धिका निमित्त याने उत्तम कर्मद्वारा आफ्नो र अरूको हित सिद्ध गर्नको लागि नै यसको बचावट गर्नुपर्ने हो । शरीर भनेको प्रवृत्ति र निवृत्तिको रूपमा संसारमा आइराख्ने र संसारबाट पार लाग्ने यात्राको आधारभूत साधनजस्तो हो । त्यसैले यसलाई संसारबाट तार्ने डुंगाजस्तो मात्र सम्झेर सत्त्वहरूको हितको निमित्त आफ्नो इच्छाअनुसार डुंगालाई जता लानुपर्ने हो त्यतैतिर जानसक्ने पार्नुपऱ्यो । यसरी काय प्रत्यवेक्षाद्वारा त्यसको स्वभाव र उपयोग विचार गरी कायको प्रयोजन निश्चित गरेर प्रयोग गर्नुपर्दछ । काय र चित्तलाई वशमा राखेर सधैं आफ्नो मुहारलाई प्रशन्न राख्नुपर्छ । आफ्नो सम्पर्कमा आउने सबैलाई स्वागत भलाकुसारीपूर्वक सन्तोष गर्ने बिर्सनु भएन । आफू सम्पूर्ण जगतकै अकारणमित्र याने विना कुनै कारण पनि अरूको हित गर्ने कल्याणमित्र बन्न सक्नुपऱ्यो ।

**"शंका-उपशंका हटाई, पश्चात्तापलाई शान्त पार्दै उपदेश र शिक्षा विनय आदि बुझाउन र प्रेरणा दिनसक्ने एवं अरूले विन्ती नगर्दै पनि तिनीहरूको उपकार गरिराख्ने स्वभाव भएका पुरूषहरूको हितैषी वचनलाई सधैं शीरले धारण गर्न बिर्सनु भएन । उनीहरू प्रति आफ्नो चित्तलाई कलुषित गराउन या अपमान गर्ने काम कहिले पनि गर्नु हुँदैन । सबै सत्त्वहरूमा गुरूको गौरव देखेर सबैबाट सबै उत्तम कुरा सिकेर चर्या गर्नु पर्दछ ।"**

अरूका शंका-उपशंका हटाई, पश्चात्तापलाई शान्त पार्दै उपदेश र शिक्षा विनय आदि बुझाउन र प्रेरणा दिनसक्ने एवं अरूले विन्ती नगर्दै पनि तिनीहरूको उपकार गरिराख्ने स्वभाव भएका पुरुषहरूको हितैषी वचनलाई सधैं शीरले धारण गर्न बिर्सनु भएन । उनीहरू प्रति आफ्नो चित्तलाई कलुषित गराउन या अपमान गर्ने काम कहिले पनि गर्नु हुँदैन । सबै सत्त्वहरूमा गुरूको गौरव देखेर सबैबाट सबै उत्तम कुरा सिकेर चर्या गर्नु पर्दछ । अर्काको गुण बढाउने र हित गर्ने खालका वचनलाई सुभाषित भन्दछन् । कसैले त्यस्ता वचनहरू बोल्यो भने उसले राम्रो बोल्यो, धन्य हो, साधु साधु भनी त्यसको अनुमोदन गर्ने शब्दहरू दिलदेखि नै उच्चारण गर्नु पर्दछ । त्यस्तै कुनै कुशलकर्म गर्नेलाई देखियो भने पनि 'तपाई धन्य हुनुहुन्छ, राम्रो गर्नुभयो' भनी उसको प्रशंसा र स्तुति गरेर उसलाई प्रोत्साहन गर्नु उत्तम शिष्टाचार भयो ।

अकुशल काम कुरो नगरी सत्त्वहरूको सेवामा प्रयत्नशील हुनुपर्दछ । उत्तमक्षण मनमा राखेर चित्तलाई स्थीर गरी अधिनमा राख्नु पनि पर्दछ । मुख्य कुरो त

आफ्नो र अरूको हित सिद्ध गर्ने उत्तम उपाय हो । कुशल कर्म गर्ने महानुभावहरू देखेपछि राम्ररी कामकुरो गर्नुभयो भनेर प्रशंसा गर्नु शुभशिष्टाचार हो । कहिं नमिलेको, असत्य कलुषित मनसाय देखेपछि विरोध गरेर सुधार गर्न अग्रसर हुनु पर्दछ । २०६९।८।२२ मा भएको धर्मोदय सभाको सभामा एक राजनैतिक पार्टीले नेपाललाई हिन्दू राष्ट्र गर्ने मनसायले जनकपुरबाट पशुपतिसम्म रथयात्रा गर्ने सिलसिलामा विभिन्न ठाउँमा धर्मदेशना गर्ने उद्देश्य भएकोमा लुम्बिनी पनि उल्लेख भएकोले त्यस्तो रथयात्रा लुम्बिनी विकास क्षेत्रभित्र लान दिन नहुने भएकोले रोक्नको लागि व्यवस्था मिलाउन पर्ने कुरा यस लेखकले बोलेको थियो । सोही सभामा भारतका अशोक सिंगलले नेपाललाई हिन्दू राष्ट्र बनाउने बोलेको छ भन्ने कुरापनि सुनियो । हाल विभिन्न ठाउँमा टाँसिराखेको पोष्टरमा एक राजनैतिक पार्टीले रथयात्रा गर्ने आयोजना गरेर नेपाललाई सर्वधर्म समभाव, पूर्णधार्मिक स्वतन्त्रता सापेक्ष गर्न लेखिराखेको छ भने त्यही पर्चामा हिन्दू राष्ट्र घोषणा गरौं भनेर पनि उल्लेख गरिराखेको पाइन्छ । देशलाई एक धर्मको राष्ट्र बनाउने मनसाय भएपछि सर्वधर्म समान कुनै हालतमा पनि हुन सक्दैन, धर्म स्वतन्त्र भन्ने कल्पना गर्न नसक्ने भएकोले यो त राजनीति पार्टीले धर्ममा पनि दुषित राजनीति खेलेको स्पष्ट भयो, नेपाल समाचार पत्रले त आफ्नो राजनीतिक अस्तित्व रक्षाको लागि रथयात्राको सहारा लिएको विश्लेषकहरूले बताएका छन् भनी लेखिएको छ ।

यहाँ यस कुरा पनि उल्लेखनीय छ कि राज्यले धर्म मान्ने होइन व्यक्तिले धर्म मान्ने कुरा सर्वव्यापी भैरहेको छ । कुनैपनि एक धर्मको राज्य बनाउने भनेको अधिनायकवाद तथा निरंकुशता नभनि भएन, यसैको ख्याल गरी रथयात्रालाई लुम्बिनी विकास कोष क्षेत्रभित्र हुल्न नदिने आवश्यक व्यवस्था मिलाउनको लागि सम्बन्धित बौद्धसंघसंस्थाहरूले आवश्यक कदम कार्यार्थ लुम्बिनी विकास कोषलाई पत्राचार गर्नु सकारात्मक देखिन्छ । २०५६ सालतिर हिन्दू धर्मावलम्बी एक समूहले लुम्बिनीमा सम्मेलन गरी बुद्धधर्मलाई हिन्दू धर्मको शाखाको रूपमा परिणत गर्ने लक्ष्यले सक्रिय भएको अवस्थामा धर्मोदय सभाको तत्वावधानमा कार्यदल गठन गरेर सक्रिय क्रियाकलापबाट प्रस्तावित सम्मेलन लुम्बिनीमा गर्न नदिएको र सम्मेलनको निम्ति भारतबाट रथयात्रा ल्याएकोमा लुम्बिनीमा ल्याउन नदिई फर्काएको ऐतिहासिक पृष्ठभूमि स्मरणीय छ ।

बुद्धधर्म धर्म होइन, हिन्दू धर्म धर्म होइन, क्रिश्चियन धर्म धर्म होइन, मुस्लिम धर्म धर्म होइन, धर्म धर्म नै हो भन्ने आचार्य सत्यनारायण गोयन्काज्यूको कथन उल्लेखनीय छ । गोयन्काज्यूको उच्चस्तरको कथनबाट अध्यात्म क्षेत्रद्वारा विश्वशान्तिको निमित्त योगदान भैरहेको सन्हानीय छ । देशनाको उद्देश्य भनेको एक मात्र धर्ममा आशक्त भई अरू धर्मलाई समान देख्न नसके साम्प्रदायिक भावना प्रकट हुनेभयो । विश्वमा देखापरेका सबै धर्मको लक्ष्य भनेको कुशलमङ्गल सेवाको काम गर्ने, मैत्री-करूणा समभाव विकसित गर्ने, नैतिकवान चरित्रवान भएर विवेक बुद्धि प्रयोग गरेर राग, द्वेष, मोह, अहंकार, ममकार निवारण गर्ने रहेको छ । त्यसैले, धर्मको यथार्थ मनसाय बोध गरेर धर्मको नाममा कलंक नगरी धर्मसमन्वय कायम गरी समुन्नत तथा शान्तपूर्ण समाज सिर्जना गर्नेतिर अग्रसर हुन सम्बन्धित सबैलाई सचेत हुन आह्वान गर्दछु ।

(सन्दर्भ श्रोत : आर्य शान्तिदेव विरचित बोधिचर्यावतार, अनु. नारायणप्रसाद रिजाल साथै सान्दर्भिक विषय समावेश गरिएको छ ।)

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

# बिश्व मोटर ट्रेडर्स

ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४
E-mail: vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।

# संसार र निर्वाण

✍ डा. गणेश माली



आफूसँग जे हुँदैन, त्यसैको हामीलाई बढी चाहना हुन्छ । यो एउटा मनोवैज्ञानिक सत्य हो । आफूसँग भएको त भैहाल्यो नि, इच्छा गरिएको तर आफूसँग नभएकोलाई मनले खोजिरहन्छ ।

हामी निर्वाणको किन कामना गर्छौं ? किनकि हामीसँग संसार छ, जन्म, जरा, बृद्धावस्था, व्याधि, मृत्युरूपी सांसारिक चक्रले हामीलाई बाँधिराखेको छ । जन्मजन्मान्तरदेखि हामी यसरी नै बाँधिएर आएका छौं, अनि करैले भनेजस्तै यसै चक्रमा घुमिराखेका छौं । बारम्बारको अटूट साँसारिक दौड दुःखपूर्ण छ । त्यसकारण हाम्रो मनले यस सांसारिक चक्रको दुःखलाई अनुभव गरेर यसको विपरीत यस दुःखबाट मुक्ति दिने निर्वाण वा भवचक्रबाट पारको अवस्था हामीलाई मनपर्ने हुन गयो ।

यो भवचक्र हामीलाई मन नपर्नुको मुख्यतयाः दुईवटा कारणहरू छन्–

१) एक त यहाँ हाम्रा मनोकामना, आकांक्षा वा तृष्णाहरू कहिल्यै तृप्त हुँदैनन् । धेरैजसो अपूर्ण नै रहन जान्छन् । संसारको अनित्य स्वभावधर्म भएकोले पनि आफ्नो मन परेको वा नपरेको सबै गुमेर जान्छ, शून्यमा मिलेर जान्छ । यस्तो शून्य प्राय संसार चक्रमा चक्कर मार्दामार्दै एकदिन हामी अवश्य नै थाक्छौं, अनि शान्तितिर लाग्ने बाटो खोज्न थाल्छौं ।

**यहाँ हाम्रा मनोकामना, आकांक्षा वा तृष्णाहरू कहिल्यै तृप्त हुँदैनन् । धेरैजसो अपूर्ण नै रहन जान्छन् । संसारको अनित्य स्वभावधर्म भएकोले पनि आफ्नो मन परेको वा नपरेको सबै गुमेर जान्छ, शून्यमा मिलेर जान्छ । यस्तो शून्य प्राय संसार चक्रमा चक्कर मार्दामार्दै एकदिन हामी अवश्य नै थाक्छौं, अनि शान्तितिर लाग्ने बाटो खोज्न थाल्छौं ।**

२) अर्को कारण यो हो कि, यो भवचक्र असाध्य कष्टपूर्ण छ, विषादपूर्ण छ । यहाँ परस्परमा प्रेम, स्नेह, ममता र सहलहको वातावरण त परै जाओस्, द्वेष-छलकपट, घृणा, हिंसा, शोषण, संघर्ष, चरम स्वार्थ, वैमनस्य आदिले वातावरण ढाकिएको छ । जनसाधारणको लागि दुई छाक खाइ जीवन गुजार्नु पनि धौ धौ परिरहन्छ । कतिले त दुःख सहन नसकी आत्महत्या पनि गर्छन् ।

यी दुई कारणहरू मध्ये पहिलो कारण अनित्यतता संसारको स्वभाव धर्म नै भएकोले यसमा हामीले केही गर्नसक्ने ठाउँ छैन । परिवर्तन नहुने नित्यसंसारको त हामीले कल्पनासम्म पनि गर्न सक्तैनौं । हाम्रो आफ्नै मन र शरीरको पनि परिवर्तनशील स्वभाव छ । यही स्वभाले गर्दा पनि हाम्रो मनले हरबखत परिवर्तन खोजिरहन्छ । भएकोलाई छोडेर नभएको स्थितिलाई सुख सम्फी सांसारिक दौडमा चक्कर मारिरहन्छ । हामीलाई भवचक्रमा दौड लगाउन रूचाउने मूल कारण त विषाक्त वातावरण नै हो । यसले गर्दा जीवनको प्रत्येक क्षणमा हामी चिन्ता र भयले ग्रस्त भएर रहनुरहेको छ । यो विषाक्त वातावरणलाई हामीले नै बनाइराखेका छौं । अतएव यसलाई अन्त्य गर्ने वा बदल्ने सामर्थ्य पनि हाम्रै हातमा छ । हामी सबै मिली प्रयत्न गर्‍यौं भने, हाम्रो जीवनमा स्नेह, प्रेम र सहलहको वातावरण ल्याउन सक्छौं । द्वेष, छलकपट, घृणा, हिंसा, चरम स्वार्थ, शोषण, वैमनस्य आदि विषाालु वातावरणलाई हटाई स्नेह र मेलमिलापमा आधारित जीवनलाई संसारमा कायम गरी राख्न सक्छौं । हामी सबै एक हौं, भन्ने भावना जगाई सबैको हित र सुखको निमित्त काम गर्दै सुख र शान्तिपूर्वक रहन सक्छौं ।

यसप्रकारको अमृतमय स्नेह र मेलमिलापूर्ण वातावरणको सृजना हामीले गर्न सक्यौं भने, जीवनचक्रमा घुमीरहँदाको दुःख र पीडाको मात्रा पनि निक्कै कम भएर जान्छ । सकल प्राणीको हितको सुखको लागि काम काम गरी बाँच्नु र यसरी काम गर्दागर्दै मर्नु पनि एक प्रकारले सुख नै भएर जान्छ । व्यक्तिगतरूपले आफ्नो आफ्नो

सुखको लागि त अहिलेपनि हामी दुःखकष्ट सहेर काम गर्दैछौं । किन्तु अरू र आफूमा धेरै फरक देखी अरूलाई दुःखकष्ट भए पनि आफूलाई सुख होस् भन्ने जुन् गलत धारणावश हामी स्वार्थी र मतलवी बन्छौं, यहींबाट नै परस्पर दुःख दिएर बाँच्ने विषाक्त वातावरणको थालनी हुन्छ । यस प्रकारको गतल धारणालाई त्यागेर आफूजस्तै अरूलाई पनि सम्झी सकल प्राणीहरूको हितमा आफ्नो पनि हित देख्ने सम्यक् दृष्टि हामीले आफूमा विकास गर्नु नितान्त आवश्यक छ ।

यसरी सम्यक् दृष्टि अपनाई सांसारिक जीवनमै शान्तिपूर्वक रहने स्थिति कायम गर्न सक्यौं भने सायद भवचक्रको दुःखबाट निवृत्त हुने चाहना पनि क्रमशः कम हुँदै जानेछ । यसप्रकारको स्थितिमा भवचक्रमैं रहेर पनि शान्त वातावरणमा शील, समाधि प्रज्ञालेयुक्त भई प्रज्ञाको ज्योतिमा निर्वाणसम्म पनि प्राप्त गर्न सकिने हुनजान्छ ।

हाम्रो चारैतिर फैलिएको स्वार्थपूर्ण विशाक्त वातावरणमा रही यस प्रकारको स्वस्थ वातावरण सृजना र विकास गर्ने काम कठिन अवश्य हुन्छ । तर कठिन भए पनि मानव जीवनको सार नै यस्तै कठिन काम गर्नुमा नै रहेको हुन्छ ।

जीवनको सत्यलाई सम्यक् दृष्टिले हृदयंगम गरी बहुजन हिताय बहुजन सुखाय आफूलाई उत्सर्ग गर्ने प्रेरणा हामीलाई मूलतः बुद्धधर्मले नै दिइआएको छ । भगवान् बुद्धको जीवनी नै यस प्रकारको कार्यको एउटा ज्वलन्त उदाहरणको रूपमा रहेको छ । बुद्धले देशना गर्नुभएको धर्मभित्र नै मानव मनलाई सांसारिक दुःखबाट छुटकारा दिलाउने मार्ग प्रशस्त छ । वहाँले स्थापना गर्नुभएको संघ पनि संसारमा स्वस्थ वातावरण ल्याउन अनकूल, सामाजिक बन्धनमुक्त सक्षम कार्यकर्ताहरूको समाजको रूपमा रहेको छ । यद्यपि संसारमा स्नेह, मेलमिलाप र सद्भावनायुक्त समाज सृजना गर्ने काम संघको मात्र नभई हामी सबैको हो भन्ने तथ्यलाई हृदयंगम गरी तदनुसार सबै मिलीजुली सबैले यथाशक्य काम गरेर मात्रै हाम्रो चारैतिर फैलिएको विषाक्त वातावरणलाई बदली स्वस्थ वातावरण सृजना र विकास गर्ने कठिन काम पनि सम्पन्न हुनसक्ने बारे सन्देहरहित हुनसक्छौं । यसरी काम गरेर मात्रै सबैको मङ्गल हुनेछ ।


## सम्झनुहोस्

## सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि

# राजधानी बचत तथा ऋण सहकारी संस्था लि.

**संस्थाद्वारा निर्धारित ब्याजदर**

| **निक्षेपतर्फ** | | **ब्याजदर** |
|---|---|---|
| १. बचत खाता | | १०% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ११.५०% | १२% |
| १ वर्ष | १३% | १३.५% |
| २ वर्ष | १३.५०% | १४% |
| ३ वर्ष | १४% | १५% |

३ वर्षभन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्षभन्दा बढी अवधिको लागि रू. २ लाखभन्दा बढी रकम राखेमा मासिक रूपमा १४% का दरले ब्याज प्रदान गरिनेछ ।

**३. दोब्बर भुक्तानी योजना**

यस योजनाअन्तर्गत ५ वर्ष मुद्दतीमा साँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्याहोरिदिने छ ।

**४. ज्येष्ठ नागरिक पेन्सन योजना**

यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा डेढ महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९-२०% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)

३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा २% थप

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२**

# बौद्धहरूको तथ्यांक वा मिथ्यांक ?

✍ केशरी वज्राचार्य



अन्तरिम संविधानले नेपाललाई संघीय गणतन्त्र र धर्मनिरपेक्ष राष्ट्र घोषणा गरे पनि संबिधानसभाले नयाँ संविधान बनाएर प्रत्याभूत गर्न नसकिरहेको बेलामा २०६८ सालको राष्ट्रिय जनगणनाको नतिजा प्रकाशित भएको छ । प्रत्येक दश बर्षमा लिइने राष्ट्रिय जनगणनाको नतिजा सबैको चासोको बिषय बन्नु स्वाभाविक हो । धर्मको आधारमा पनि जनसंख्या निर्धारण गरिने कुराले सबै नेपाली उत्सुक हुनु अस्वाभाविक होइन । यसपटक चासोको एक विषय बौद्धहरूको जनसंख्या प्रतिशत पहिले जस्तै घटबढ देखाइएको छ । यो कुरा चाहिँ चिन्ताको विषय बनेको छ ।

यसबाट हिन्दूहरू खुशी छन् । बौद्धहरू निराश छन् । हिन्दूहरूको जनसंख्या बढेर ८२ प्रतिशत पुगेको छ । बौद्धहरूको जनसंख्या १०.१० प्रतिशत बाट घटेर ९ प्रतिशत भएको छ । यसलाई बौद्धहरूले मिथ्यांक भनिरहेका छन् । राज्यको गलत प्रस्तुतिप्रति आवाज उठाउन ढिला गर्नुहुन्न । तर राष्ट्रियस्तरका भनिने बौद्ध संघसंस्थाहरू कुम्भकर्णको निद्राबाट उठ्न सकेको देखिंदैन । के यस्ता संघसंस्थाहरूमा बौद्धिक नेतृत्व लिनसक्ने व्यक्तिहरूको खडेरी परेकै हो त ? खडेरी परेको चाहिं हुँदै होइन । निस्वार्थभावले खोजिगर्दा देउता पनि भेट्न सकिन्छ भने मान्छेको त के कुरा ? तर कस्ले खोजी गर्ने ? हो, यस विषयमा कसैले चासो त लिनैपर्छ । बहस चलाउनु जरूरी छ ।

मिथ्यांकको विरोधमा आवाज उठ्नु पर्छ । सरकारसंग जवाफ माग्नुपर्छ । जनसंख्या वृद्धिको सिद्धान्त अनुसार प्रत्येक तीस वर्षमा जनसंख्या दोब्बर हुन्छ । तर नेपालमा बौद्धहरूको जनसंख्या कसरी घट्यो ? यो प्राकृतिक सिद्धान्त विपरीत छ । हिन्दूहरूको जनसंख्या बढेको बढ्यै छ । राज्यपक्षलाई पंचायतकालमा बौद्धहरूको जनसंख्या घटाएर हिन्दूहरूको बढी देखाउने बानी परेको थियो । त्यसले फेरि ब्युँताउने अभ्यास गर्दैछ । हिन्दू अधिराज्य कायम हुनुपर्छ भनेर रथयात्रा सुरू भइसकेको छ । राज्यपक्षबाट नै फेरि पनि पुनः हिन्दू अधिराज्य बनाउने चाल त हैन ? लोकतन्त्र र गणतन्त्रमा पनि त्यही चाला ? अलि बुझिनसक्नु छ । दक्षिणतिरको हावा चलेर नेपाललाई पुनः हिन्दू अधिराज्य बनाउन खोजिएको हो भने सबैभन्दा बढी चासो र घाटा माओवादी पार्टीहरूलाई नै हुन्छ । अरूले त ०४७ सालको संविधानमा नै कमा मेटेर हिन्दू अधिराज्य सहर्ष स्वीकार गरेकै हुन् । यदि त्यसो हो भने अरूलाई टाउको दुखाइ हुनेछैन ।

**अहिले २०६८ सालको जनगणनामा ८ प्रतिशत कायम गरिनुमा निकै ठूलो चालबाजीको गन्ध देखिन्छ । हिन्दूहरूको जनसंख्या निरन्तर बढ्नु तर बौद्धहरूको जनसंख्यामा हेरफेर भइरहनुमा या त बौद्धहरू मात्र विदेश पलायन भए वा उनीहरू बसेको ठाउँमा मात्र दैवी विपत्ती आइलाग्यो । वास्तवमा यी कुराहरू फजुल हुन् । त्यस्तो केही पनि होइन ।**

अझै हिन्दू, बौद्ध, शिख, जैनजस्ता ॐकार परिवारको जनसंख्या ९४ प्रतिशत पुगेको दाबी गर्न थालिएको छ । यस्तो अवस्थामा कसैले बौद्धहरूलाई पनि गोलमोल गर्दै हिन्दू वर्चश्व भित्र पार्न खोज्ने नियोजित चाल देखिन्छ । यदि त्यसो हो भने बुद्धधर्म दर्शन र यसका स्वतन्त्र मौलिक चिन्तनलाई नबुझेको ठहरिन्छ । ढुङ्गो खोज्ने र देउता मिल्नेजस्तो कुरा होइन । यो विषय बौद्धहरूको अस्तित्व र आस्थासँग गाँसिएको छ । के नेपालका विभिन्न जातजातिमा छरिएर रहेका बौद्धहरूको आस्था र अस्तित्व यति कमजोर भइसक्यो ? के विदेश पलायन हुनेहरू बौद्धहरू मात्र छन् । हिन्दूधर्म त्यागेर क्रिश्चियन धर्म अपनाउनेहरू बौद्धहरू मात्र छन् ? हिन्दूहरू क्रिश्चियन भएका छैनन् ? नेपालमा चर्चहरूको संख्या १६०० कसरी पुग्यो ? हामीले कहिल्यै विश्लेषण गरेका छौं ? बुद्धले सिकाउनुभएको छ । अन्याय सहनु हुँदैन । सत्य डग्दैन, झुठो टिक्दैन ।

एकजना भारतीय विद्वान इतिहासकारले लेखेको पुस्तकमा प्राचीनकालमा नेपालका बौद्धहरूको जनसंख्या

५१ प्रतिशत रहेको उल्लेख छ । २०२८ सालमा लिइएको जनगणनामा १३ प्रतिशत छ । २०३८ सालको जनगणनामा ७ प्रतिशत छ । २०४८ को जनगणनामा ८ प्रतिशत २०५८ सालको जनगणनामा १०.१० प्रतिशत र अहिले २०६८ सालको जनगणनामा ९ प्रतिशत कायम गरिनुमा निकै ठूलो चालबाजीको गन्ध देखिन्छ । हिन्दूहरूको जनसंख्या निरन्तर बढ्नु तर बौद्धहरूको जनसंख्यामा हेरफेर भइरहनुमा या त बौद्धहरू मात्र विदेश पलायन भए वा उनीहरू बसेको ठाउँमा मात्र दैवी विपत्ती आइलाग्यो । वास्तवमा यी कुराहरू फजुल हुन् । त्यस्तो केही पनि होइन । गहिरोसंग विचार विश्लेषणगर्दा दुइटा कुरा अगाडि आउँछ । पहिलो कुरा बौद्धहरूमा आफ्नो धर्म बारे राम्रो चेतना र जागरणको कमी हो । अर्को कुरा राज्यले नै जानाजानी बौद्धहरूको जनसंख्या कम देखाई उनीहरूलाई अल्पसंख्यक बनाई अस्तित्त्व लोप गराइदिनु हो । यो आशंका कहाँनिर देखिन्छ भने सरकारी पक्षले राष्ट्रिय जनगणनाको नतिजा प्रकाशन गर्दा केही कमीकमजोरी देखिएमा सच्याउन सकिने सम्भावना रहेको कुरा बताएका थिए । कसैले विरोध गरेमा सच्याउने अन्यथा त्यही सदरगर्ने मनसाय राखिएको देखिन्छ । कमजोरी यहीँनेर छ । मुलुकको जनगणनाजस्तो संवेदनशील विषयमा नतिजा प्रकाशन हुनअगाडि नै पर्याप्त ध्यान दिइएको देखिंदैन ।

नेपालका जनजातिहरू पनि आफ्नो गलत तथ्यांक जारी गरिएकोमा सन्तुष्ट छैनन् । वास्तवमा नेपाल मात्र एउटा त्यस्तो देश हो जहाँ जातीयताको आधारमा बौद्धहरूको पहिचान गरिन्छ । तर यो अवधारणा ठीक छैन । जातजातिको आधारमा बौद्धहरूलाई पहिचान गर्ने चलन अन्य देशहरूमा छैन । संसारका बाह्रवटा मुलुकहरूले बौद्ध राष्ट्र भनेर चिनाउनमा गौरव गर्छन् । त्यसमा पनि एक अर्ब बीस करोड जनसंख्या भएको देश चीनमा बौद्धहरूको संख्या उल्लेखनीय छ । नेपाल बुद्धको जन्मभूमि हो । तर पनि बुद्धलाई चिन्ने उनका अनुयायी मानिसहरूको जनसंख्या कहिले घटी कहिले बढी हुनुको कारण राज्यले चित्तबुझ्नेगरी खुलाउनै पर्छ ।

पंचायत कालमा भनिन्थ्यो, धर्मपरिवर्तन गर्नु भनेको आमालाई बेच्नु सरह हो । के नेपालका बौद्धहरूले धर्म परिवर्तन गरेर उनिहरूको जनसंख्या घटेको हो ? यदि धर्मलाई आधार मानेर आस्था राख्नेहरूको पनि तथ्यांक लिइन्छ भने सही र सत्य हुनु जरूरी छ । अन्यथा यस्ता कुराहरू बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई हँसियाको बिँड साबित हुन्छ । राज्यले देखाउने सही तथ्यांकको आधारमा नै उनीहरूको सामाजिक, आर्थिक र भौतिक उन्नतिको योजना बनाइएको हुन्छ । संसारका विकसित वा अल्पविकसित मुलुकहरूमा मानव संसाधानको समग्र विकासका लागि यस किसिमको आधार अपनाउँदा जनसंख्यालाई मुख्य आधार बनाइएको हुन्छ । नेपालमा पनि यो आधार अपनाइएको पाइन्छ । तर बौद्धहरूको तथ्यांकलाई पटकपटक तोडमोड गर्ने गरिएको छ । बुद्ध जन्मिएको देशमा यो जस्तो विडम्बना अरू के हुनसक्ला ?

विश्वमा वैज्ञानिक आधारमा ज्ञानको भण्डार मानिने इलेक्ट्रोनिक मिडिया गुगलले दिएको जानकारी अनुसार संसारमा धर्मप्रति आस्था राख्नेहरूको क्रममा पहिलोमा इश्लाम, दोस्रोमा क्रिश्चियन, तेस्रोमा हिन्दू र चौथोमा बुद्धधर्म परेको तथ्यांक पाइन्छ । छ अर्ब नाघिसकेको विश्वको आबादीमा बुद्धप्रति आस्था राख्नेहरूको संख्या निरन्तर बढिरहेको छ । तर बुद्ध जन्मेकै देशका बौद्धहरूको जनसंख्या कहिले घटी कहिले बढी देखाउने गरिन्छ । यसले नेपालको छविलाई विश्वमा धमिल्याउने बाहेक केही गरेको छैन । यस्तो अवस्थामा चेतनशील नागरिकको हैसियतले बुद्धिजीविहरूले आवाज उठाउनु जरूरी छ । बौद्ध संघसंस्थाहरूलाई कुम्भकर्णको निद्राबाट ब्यूँझाउने कर्तब्य पनि यिनै चेतनशील बुद्धिजीविहरूको हो भन्ने मलाई लाग्छ । राजनीतिलाई धर्मदर्शनको नैतिक सिद्धान्तले डोऱ्याउनुपर्छ । तर यहाँ त धर्मदर्शनमा आस्था विश्वास राख्नेहरूलाई राजनीतिको कुत्सित चालबाजीको शिकार बनाइएको देखिन्छ । जबसम्म मुलुकमा यस्तो भइरहन्छ कहिल्यै अघि बढेर सही गन्तव्यमा पुग्न सक्तैन । अग्रगामी शव्दको जतिसुकै रटान लगाए पनि यथार्थमा पश्चगामी नै हुन्छ । त्यसैले बौद्ध संघसंस्थाहरूले यस बिषयमा गम्भीर चासो देखाएर मिथ्यांकको विरोध गरी सही र सत्यतथ्य बाहिर ल्याउन सामूहिक आवाज उठाउन ढीला गर्नु हुँदैन । अन्यथा हिन्दूअधिराज्यको पुनःस्थापना हुनुपर्ने माग लिएर अघि बढेको रथयात्राको पाँग्राले पेल्यो भने न्याउरी मारी पछुतो भन्ने उखान चरितार्थ हुन बेर छैन । नेपालका जाति जनजाति बौद्धहरूको अस्तित्व माथि नै खेलबाड भयो भने कसैले अन्यथा मान्नुपर्ने छैन ।

# क्रोधले हित गर्दैन

✍ **कोण्डन्य**

**हा**मी जतिबेला धार्मिक क्षेत्र प्रतिनिधित्त्व हुने विहार वा कुनैपनि, मन्दिरमा पुगिरहेका हुन्छौं, त्यहाँ हुने विविध धार्मिक-क्रियाकलापमा संलग्न भइरहेका हुन्छौं, कहिलेकाहिं विभिन्न गतिविधिलगायत ध्यान शिविरमा ध्यानरत अवस्था वा अरू कुनै विशेष स्थानमा हुँदा हामी शान्तदान्त हुन्छौं, नरमभावसहित विधिव्यवहार गरिरहेका हुन्छौं । अनुकूल विधिव्यवहार निरन्तर चलिरहँदा क्रोधभाव सुषुप्तावस्थामा पुगिरहेको हुन्छ । तर जतिबेला हामीलाई उचित लाग्ने, राम्रो वा आफ्नो चाहनाअनुरूपको विधिव्यवहार भएका हुँदैनन्, त्यतिबेला भने



तुरून्तै कन्चट तात्ने हुन्छ, तत्कालै हामी क्रोधित मुद्रामा परिणत हुन्छौं । ब्लडप्रेशर हाइ, हाइपरटेन्शन आदिका कारण तुरून्तै हाम्रो सुन्दर-राम्रो अनुहार एकैछिनमा अनुहार न दनुवारजस्तो देखी अशान्त र हिंस्रक भावमा परिणत हुन्छ ।

दैनिक व्यवहारलाई गम्भीर भएर चियाउने हो भने वास्तवमा रीसराग वा क्रोधलाई उत्पन्न गर्नु कुनै कठिन कार्य नै होइन । **जतिबेला हामी रागले रंजित, द्वेषले दूषित, मोहले मूढित अवस्थाबाट गुज्रिरहेका हुन्छौं, त्यतिबेला हाम्रो मानवीय स्वभाव प्रतिक्षण, प्रतिपलमैं दानवतामा परिणत हुन खासै समय लाग्दैन, एक चुट्कीको भरमा शान्तमन अशान्तमा परिणत भइसक्छ** । मानवमा सुषुप्त रीसराग जागृत भई जतिबेला दानवीयता उर्लिएर बाढी आउने हुन्छ, त्यतिबेला पनि उसले यो त्यो केही मापन नै गर्न सक्ने हुँदैन, ऊ जे गर्न पनि तयार हुन्छ, जस्तोसुकै हिंसात्मक गतिविधिमा संलग्न हुन तत्पर हुन्छ, त्यतिबेला नैतिक-अनैतिकतामा ख्याल गर्ने मनस्थिति पूर्णतः धरापमा पर्न सक्छ । हामीभित्र गुम्सिएर रहने क्रोध कतिबेला विष्फोट हुने हो, त्यो हामी अनुमान नै गर्न सक्दैनौं । क्रोधले उमेर भन्दैन, लिङ्ग भेद भन्दैन, भिक्षु र गृहस्थ भन्दैन, स्थानको भेद गरेको हुँदैन, समय निर्धारण गर्न सक्दैन, जहाँ साह्रो त्यहाँ अप्ठ्यारो भनेजस्तै सोच्दै नसोचेझैं क्रोध-रीस जागृत हुनसक्छ । धार्मिक उपदेश-धर्मकर्मलगत्तै स्मृति टुट्दा गुरू नै भएपनि उनमा रीस सवार नहुने भन्ने हुँदैन । मुख्यकुरा सजग-सतर्कता हो, त्यसलाई ठम्याउन सकेन भने जो कोही चिप्लिएर तीन बल्ड्याङ् लड्नसक्छ ।

हो, हामीले क्षमाशील हुनुपर्छ नै भनिरहेका छौं, तर रीस पलाउँदा त्यसलाई समयमैं निमिट्यान्न पार्न सकेका हुँदैनौं । आफ्नो गोरूको बाह्रै टक्का भनेजस्तै जो कसैसँग विधिव्यवहार गर्दा ऊभन्दा म के कम भन्ने प्रवृत्ति हावी हुन्छ र किन नरम हुने, किन सहने, बदला लिएरै छोड्छु भन्ने मानसिकता हामीमा सवार हुँदा त्यसलाई ठम्याउन सकिएन भने उही मात्तिएको हात्तीजस्तै सधैं क्रोधले राज गरिरहने हुन्छ । यदि मानसिक शान्तिको चाहना गर्ने नै हो भने हामीले सहनु पर्छ, धैर्य धारण गर्नैपर्छ ।

हामीलाई थाहा छ, बुद्धलाई क्षान्तिवादी पनि भनिन्छ । उनले धेरै त्याग-तपस्या गरेर बुद्धत्त्वज्ञानसहित जनमानसमा धर्मप्रचार-प्रसार गर्न सफल भए । उनले हमेसा रीसरागलाई शान्त गर्न व्यक्ति स्वयं शान्त हुनसक्नु पर्ने उपदेश संप्रेषण गरेका थिए । ४५ वर्षसम्मको धर्मप्रचार-प्रसारको क्रममा उनको परीक्षा गर्ने मनसाय राखी धेरैले उद्दण्ड विधिव्यवहार गरेका थिए । उनले दिएका विभिन्न उपदेश शैलीमध्ये रीसलाई शान्तदान्त गर्न सके स्वयंआफैलाई शान्ति प्राप्त हुने, अन्यथा रीस-क्रोधले स्वयंलाई समाप्त पार्ने भनी अत्यन्त रिसालु आक्रोशक भारद्वाजलाई दिएका यौटा रमाइलो कथा प्रसङ्ग मननयोग्य छ, जसभित्र जो

कसैलाई प्रभावित गर्नसक्ने नैतिक गुण अन्तर्निहित भएको पाउन सकिन्छ । -(संयुत्तनिकाय, अक्कोस-सुत्त)

कुनैबेला भगवान् बुद्ध राजगृहस्थित वेणुवनको कलन्दक निवाप (विहार) मा हुँदा "भारद्वाज गोत्र-ब्राह्मण श्रमण गौतम कहाँ घर-बार छाडी अनगारिक भई प्रव्रजित भए" भन्ने समाचार सुनी आक्रोशक (आक्रोश गर्ने भारद्वाज गोत्रका) ब्राह्मण खूब रिसाए । रीसको झोंकमा बुद्धलाई असभ्य (परूष) भाषा प्रयोग गरी आक्रोश व्यक्त गरे, निन्दा गरे ।

रीसआवेग एवं आक्रोशमा तथानाम निन्दा-उपहास गरेको सुनी बुद्धले ब्राह्मणलाई सोधे– "हे ब्राह्मण ! के तिम्रो घरमा कुनै मित्र, ज्ञातिबन्धु तथा अतिथी आफन्तहरू, साथीभाई आउँछन् कि आउँदैनन् ?"

"भो गौतम ! मेरो घरमा मित्र, ज्ञातिबन्धु तथा अतिथीहरू कहिलेकाहीँ आउँछन्, आउनेक्रम जारी रहन्छ ।"

"उनीहरूलाई पाहुना सत्कारस्वरूप खानेपिउने कुरो पनि त दिन्छौ होला नि, होइन ?"

"भो गौतम ! त्यसरी सत्कार सम्मान गरिन्छ नै ।"

"यदि उनीहरूले सत्कारपूर्वक दिएको खानेकुरा ग्रहण गरेनन् भने त्यो के गर्ने नि ?"

"भो गौतम ! यदि उनीहरूले सो खानेकुरा ग्रहण गरेनन् भने त्यो आफ्नै हुन्छ, घरकैले खाने नि !"

"हे ब्राह्मण ! त्यस्तै तिमीले आक्रोश नगर्नेहरूलाई आक्रोश गर्छौ, नरिसाउनेमाथि रिसाउँछौ, झगडा नगर्नेमाथि झगडा गर्छौ; त्यो हामी ग्रहण गर्दैनौं । हे ब्राह्मण ! त्यो तिम्रै हुन्छ, सबै तिम्रै भयो ।"

"जसले आक्रोश गर्दा प्रत्याक्रोश गर्दछ, रिसाउँदा रिसाउँछ, झगडा गर्दा झगडा गर्छ, त्यसैलाई भन्दछन्– खाने र खुवाउने । त्यसैले त्यो हामी न खान्छौं, न खुवाउँछौं । अतः हे ब्राह्मण ! त्यो रीस जति तिम्रै भयो, आफै काँधमा बोकी हिंड ।"

"भो गौतम ! तपाईं गौतमलाई राजासहित परिषद्हरू 'श्रमण गौतम अरहत् हुन्' तथापि तपाई गौतम रिसाउनु हुन्न ।" भनी जान्दछन् । त्यसपछि बुद्धले गाथात्मक उपदेश गर्नुभयो -

१) **"अक्कोधस्स कुतो कोधो, दन्तस्स समजीविनो ।**
**सम्मदञ्ञा विमुत्तस्स, उपसन्तस्स तादिनो ।।"**
*"नरिसाउनेलाई, दान्त समजीवीलाई, राम्ररी बुझी विमुक्त हुनेलाई, उपशान्त भई अकम्प्य हुनेलाई रीस कहाँ हुन्छ ?"*

२) **"तस्सेव तेन पापियो, यो कुद्धं पटि कुज्झति ।**
**कुद्धं अप्पटि कुज्झन्तो, सङ्गामं जेति दुज्जयं ।।"**
*"उसकै त्यसले हानि गर्छ जो क्रोध गर्नेसँग प्रतिक्रोध गर्छ । रिसाहामाथि नरिसाउनेले, दुर्जय संग्राम जित्दछ ।"*

३) **"उभिन्नत्थं चरित, अत्तनो च परस्स च ।**
**परं सङ्कुपितं ञत्वा, यो सतो उपसम्मति ।।"**
*"जसले अरू रिसाएको जानी, होश राखी सहने गर्दछ, त्यसले आफ्नो र अरूको (दुबैको) उभयार्थ हित गर्दछ ।"*

४) **"उभिन्नं तिकिच्छन्तानं, अत्तनो च परस्स च ।**
**जना मञ्ञन्ति बालोति, ये धम्मस्स अकोविदा'ति ।।"**
*"आफ्नो र अरूको (दुबैको) पनि चिकित्सा गर्नेलाई धर्म नजान्ने अज्ञानीहरू 'मूर्ख' ठान्दछन् ।"*

बुद्धको उपदेश सुनी प्रभावित भएर आक्रोशक भारद्वाज भिक्षु भए, अन्तमा अन्यतर अरहन्त भए ।

(श्रोत : बौद्ध आदर्श कथा)


## भिक्षु-श्रामणेर बनेर थाइलैंडमा गई स्कूल तथा कलेजमा निःशुल्क अध्ययन गर्नको लागि सम्पर्क गर्नुहोस-

**भर्ना मिति :**
२१ पौष २०६९ तदनुसार ५ जनवरी २०१३
१९ माघ २०६९ तदनुसार ५ फरवरी २०१३

**सम्पर्क :**
मुनि विहार, इनाचो टोल, वडा नं. ६,
भक्तपुर नगरपालिका, नेपाल ।
फोन नं. ६६१६४६४, मो. ९८४१४३१७९२, ९८४१११००३८
E-mail: wipassi@gmail.com

# अखिल नेपाल भिक्षु महासंघद्वारा लुम्बिनीमा नि
## यस वर्ष विभिन्न विहारहरूमा सम्पन्न कथिनोत्सव कार्तिक १

| मिति | विहार | धर्मदेशक | कथिन दा |
|---|---|---|---|
| १५ | संघाराम विहार, ढल्को | संघनायक भिक्षु अश्वघोष महास्थविर | कर्णबहादुर, मोति शोभा तुलाधर सप |
| | बौद्धशान्ति विहार, चापागाउँ-बुलु | भिक्षु कोण्डन्य | बौद्ध शान्ति विहार परिवार-बुलु |
| १६ | प्रणिधीपूर्ण विहार, बलम्बु | संघनायक भिक्षु अश्वघोष महास्थविर | चम्पा वज्राचार्य, मीरा तुलाधर र प्रणि |
| १७ | ध्यानकुटीविहार, बनेपा | भिक्षु कोण्डन्य | चिनीशोभा, सुवर्णकुमार, सुशिल कुमा |
| १८ | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र शंखमूल | सयादो उ. ञाणजोत महास्थविर | नरेन्द्रराज, तेजराज, चैत्यराज, कुवेरमा |
| | मणिमण्डप महाविहार, पटको यँल | भिक्षु शीलभद्र महास्थविर | अनागारिका अभया |
| १९ | जितवन विहार, थानकोट | भिक्षु कोण्डन्य | सत्यनारायण (थानकोट), लक्ष्मीकुमारी<br>गंगा मानन्धर (कमलपोखरी) |
| २० | ज्ञानकीर्ति विहार, नयाँबजार | भिक्षु कोण्डन्य | नानीमय्जु मुनिकार परिवार |
| २१ | शाक्यसिंह विहार, थैना | भिक्षु पञ्ञारतन | बुद्धरत्न शाक्य व दातापिं |
| २२ | धापाखेल बुद्धविहार, ललितपुर | भिक्षु कोण्डन्य | भरत महर्जन परिवा |
| | शुभमंगल विहार, थानकोट | भिक्षु शरणंकर | अनिता शाक्य परिवार, चःमति |
| २३ | बौद्धजन विहार, सुनाकोठी | भिक्षु कोण्डन्य | बौद्धजन विहारका उपासक उपासिका |
| २४ | धम्मावास विहार, खुसिबुं | भिक्षु पञ्ञासार | सानुबाबु साय्मि, भगवानदेवी मानन्ध |
| २५ | आनन्दकुटी विहार, स्वयम्भू | भिक्षु शरणंकर | मिसा पुचः आनन्दकुटी |
| | पद्मसुगन्ध विहार, मझिपाट | भिक्षु सुमेध महास्थविर | थाईलैण्ड राजा भुमिफलअदुलयदेछ म |
| | शान्तिवन गोदावरी | भिक्षु निग्रोध | बिजय वज्राचार्य परिवार |
| २६ | पुण्योदय विहार, जल | भिक्षु भद्दिय महास्थविर | पुण्य उदय विहार परिवार |
| २७ | मातातिर्थ चर्तुब्रम्ह विहार, मातातिर्थ | भिक्षु पञ्ञासार | अनागारिका वीर्यपारमी, नातिकाजी, न |
| २८ | धर्मचक्र आश्रम, बागबजार | भिक्षु भद्दिय महास्थविर | आशारत्न उपासक लगायत उपासक |
| २९ | धम्मकाय, गोदावरी | भिक्षु पञ्यारतन | भिक्षु नायको, अनागारिका ञाणवती |
| १ | श्रीघः विहार, नघल | संघनायक भिक्षु अश्वघोष महास्थविर | लक्ष्मीनानी न्यतपुचः, धर्मकीर्ति विहार |
| २ | सुमंगल विहार, लुंखुशी | भिक्षु भद्दिय महास्थविर | काजीबहादुर शाक्य, रत्नेश्वरी शाक्य |
| ३ | बौद्ध समकृत विहार, ख्वप | फ्राखु. भिक्षु धम्मसोभन महास्थविहार | पंचलाल, कृष्णमाया लाछिमस्यू परिवा |
| | कुटी विहार, कोटेश्वर | भिक्षु आनन्द महास्थविर | मखनलाल, नानीमैया श्रेष्ठ परिवार |
| ४ | बोधिचर्या विहार, बनेपा | भिक्षु शोभित महास्थविर | न्हुच्छेमाया मानन्धर |
| | रत्न विपश्यना विहार, सानो भऱ्याङ्ग | भिक्षु कोण्डन्य | ताम्राकार हाउस परिवार, मरु टोल |
| | पनौती बुद्धविहार, पनौती | संघनायक भिक्षु अश्वघोष महास्थविर | पनौति विहार परिवार |
| | बेलुवनाराम विहार, थेचो | भिक्षु धर्मगुप्त महास्थविर | बेलुवनाराम विहार परिवार |
| ५ | बुद्धविहार, भृकुटीमण्डप | भिक्षु कोण्डन्य | अनागारिका उप्पलवण्णा (चिनी गुरुमा |
| ६ | गणमहाविहार, गणवहाल | संघनायक भिक्षु अश्वघोष महास्थविर | मचाभाई,सरीता डंगोल परिवार |
| | दोम्बु विजयराम विहार, बलम्बु | भिक्षु शरणंकर | भवानी मय्जु परिवार, बालाजु |
| ७ | पूर्वाराम विहार, धुलिखेल | भिक्षु सुमेध महास्थविर | जितसुन्दर, लक्ष्मीदेवी, तकसारी परिवा |
| | चित्रवन विहार, नारायणगढ (संघ दान) | भिक्षु भद्दिय | |
| ८ | बुद्धभूमि महाविहार, टोखा | भिक्षु आनन्द महास्थविर | Kualalumpur Dhamma Mettea |
| ९ | विश्वशान्ति विहार, नयाँबानेश्वर | भिक्षु ज्ञानपूर्णिक महास्थविर | Malaysian Dhamma Devotees |
| | धर्मशीला विहार पोखरा | भिक्षु शरणंकर | धर्मशीला विहार परिवार |
| १० | नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपुर | भिक्षु कोण्डन्य | थाइलैण्डका उपासक उपासिका/विहा |
| | सिद्धिपुर विहार, थसि | भिक्षु विमलो | सिद्धिमंगल बुद्धविहार परिवार |
| ११ | सुवर्ण छत्रपुर विहार, लुभु | भिक्षु शरणंकर | सुवर्ण छत्रपुर विहार परिवार |
| | जितापुर गन्धकुटी विहार, खोकना | भिक्षु कोण्डन्य | मानभक्त, लक्ष्मीमाया महर्जन परिवार |
| १२ | मनमैजु ध्यानकुटी विहार, मनमैजु | भिक्षु निग्रोध | सानुमय्जु, मोतिमाया महर्जन परिवार |
| | आनन्दभुवन विहार, स्वयम्भू | संघनायक भिक्षु अश्वघोष महास्थविर | रत्नदेवी शाक्य सपरिवार |
| १३ | यम्पी महाविहार, ईवही | संघनायक भिक्षु अश्वघोष महास्थविर | शुलक्षणकीर्ति विहारया मिसापुचः |
| | इलाय्बहि यल | भिक्षु पञ्ञासार | मिसा पुचः, बुद्धनगर |
| | पाटी विहार | | |
| | | | |

# म्बिनीमा निर्माण हुने थेरवाद बुद्ध विहारका लागि
# व कार्तिक १५-मंसीर १३ सम्म संकलन भएका श्रद्धादान/चन्दा

| कथिन दाता | अष्टपरिष्कार | प्राप्त रकम | भिक्षु श्रामणेरबाट प्राप्त रु. २५०/दरले | दाताबाट श्रद्धादान |
|---|---|---|---|---|
| ोभा तुलाधर सपरिवार | २२ वटामा ९ वटा | ९,०००/- | २०,७१५/- | १०,०६१/- |
| परिवार-बुलु | ३० वटा | ४५,०००/- | ८७५०- | |
| रा तुलाधर र प्रणिधीपूर्ण विहार परिवार | ११ वटा | ११,५५०/- | १३५००/- | २,४००/- |
| मार, सुशिल कुमार, शीलशोभा कंसाकार परिवार | २० वटा | ३०,०००/- | २२५००/- | १४,०५०/- |
| चैत्यराज, कुवेरमाया सपरिवार | ५२ वटा | ७८,०००/- | २३०००/- | २२,१०१/- |
| | ४ वटा | ६,०००/- | १,८२२/- | १४,२००/- |
| ोट), लक्ष्मीकुमारी (कीर्तिपुर) र नपोखरी) | १९ वटा | २८,५००/- | १९०००/- | ७,५२५/- |
| परिवार | १८ वटा | २७,०००/- | ११५००/- | ३०,६४०/- |
| तापिं | ४४ वटा | ६६,०००/- | २२२५०/- | २४,६११/- |
| | ५० वटा | ७५,०००/- | १९५००/- | ८,२४५/- |
| र, चःमति | ११ वटा | १६,५००/- | ७०००।- | ८,९५०/- |
| पासक उपासिका | ३६ वटा | ५४,०००/- | २०२५०/- | ७,६८०/- |
| गवानदेवी मानन्धर सपरिवार | ४५ वटा | ६७,५००/- | १४५००/- | २४,४१०/- |
| टी | ३८ वटा | ५७,०००/- | १७०००।- | २०,२४५/- |
| फलअदुलयदेछ महाराजधिराज | ११ वटा | १६,५००/- | ३,५००/- | ६,७७०/- |
| वार | १७ वटा | २५,५००/- | ८७५०/- | ७,१०९/- |
| रिवार | २१ वटा | ३१,५००/- | १४५५०/- | ३,०९५/- |
| मी, नातिकाजी, नारायणदेवी महर्जन सपरिवार | ३५ वटा | ४९,५००/- | १८०००/- | १७,०१५/- |
| लगायत उपासक उपासिका | २३ वटा | ३४,५००/- | १४०००/- | २८,१५१/- |
| ारिका ञाणवती | १ वटा | १,५००/- | ४,२५०/- | |
| , धर्मकीर्ति विहार | ६५ वटा | ९७,५००/- | २२०००/- | २३,८२०/- |
| रत्नेश्वरी शाक्य परिवार, मानभवन | ५९ वटा | ८८,५००/- | १९०००।- | १०,९६८/- |
| लाछिमस्यू परिवार | ६ वटा | ९,०००/- | ८७५०/- | १५,१७०/- |
| ा श्रेष्ठ परिवार | १६ वटा | २४,०००/- | ५०००।- | |
| | १५ वटा | २२,०००/- | ९२५०/- | ४६,०८०/- |
| रवार, मरु टोल | ३० वटा | ४५,०००/- | १८०००/- | १९,३३१/- |
| र | १६ वटा | २४०००।— | ९२५०/- | ४,२६८/- |
| परिवार | | | ७०००/- | |
| ण्णा (चिनी गुरुमां), सन्तिसुखावास, चाकुपाट | २७ वटा | ४०,५००/- | १२०००/- | १,३६,५९९/- |
| ोल परिवार | ४७ वटा | ७०,५००/- | १२,०००/- | ३६,७९२/- |
| र, बालाजु | १३ वटा | १९,५००/- | ५०००।- | ७,५८३/- |
| ो, तकसारी परिवार | ७ वटा | १०,५००/- | १४२५०/- | १५,०९६/- |
| | | | | ८,२८९/- |
| hamma Mettea Buddhist Society | ४० वटा | ६०,०००/- | १९२५०/- | ७,२३०/- |
| na Devotees | ४० वटा | ६०,०००/- | २१,०००/- | ४९,५२३/- |
| वार | २४ जटा | ३६,०००/- | १२५०/- | |
| क उपासिका/विहार परिवार | १४ वटा | २१,०००/- | १०५००/- | १०,१३६/- |
| परिवार | ५६ वटा | ८४,०००/- | ११७५०/- | |
| परिवार | ५३ वटा | ७९,५००/- | ९५००/- | ३,०३४/- |
| ा महर्जन परिवार | १४ वटा | २१,०००/- | १०५००/- | १२,०१७/- |
| ा महर्जन परिवार | ३१ वटा | ४६,५००/ | १००००।- | ३४,२०५/- |
| रवार | २१ वटा | ३१,५००/- | १०७५०।- | ३,०३०/- |
| या मिसापुचः | ५० वटा | ७५,०००/- | २१०००/- | ५३,२०५/- |
| | ४ वटा | ६,०००/- | | |
| | २ वटा | ३,०००/- | १७५०।- | |
| | जम्मा | **१६,८०,५५०/-** | **४,९२,५७८/-** | **७,४६,०५१/-** |

श्रोत : अखिल नेपाल भिक्षु महासंघ

# धर्म र नेपाली कम्युनिष्ट

✍ आहुति

मानव जगत्मा दुई विश्व दृष्टिकोण छन् । चेतना (प्रत्यय) लाई प्राथमिक मान्ने प्रत्ययवाद र पदार्थलाई प्राथमिक मान्ने भौतिकवाद । परिवर्तनको स्रोत पदार्थभन्दा बाहिर खोज्ने अधिभूतवाद र परिवर्तनको स्रोत पदार्थभित्र नै खोज्ने द्वन्द्ववाद । समष्टिमा अधिभूतवादी प्रत्ययवाद र द्वन्द्वात्मक भौतिकवाद । सबै धर्महरू मूल रूपमा अधिभूतवादी प्रत्ययवादको दार्शनिक मान्यताको जगमा उभिएका हुन्छन् । द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणको आविष्कारसहित कम्युनिष्ट आन्दोलनको जन्मभन्दा पहिले भएका सबै प्रकारका राजनीतिक आन्दोलनहरूले विश्वदृष्टिकोणमा परिवर्तनको मुद्दा उठाएका थिएनन् । तर, कम्युनिष्ट आन्दोलन एउटा यस्तो राजनीतिक आन्दोलनका रूपमा उपस्थित भयो । जसले हजारौं मतहरूमा व्यक्त अधिभूतवादी प्रत्ययवादका विरूद्ध चुनौती दियो । यस अर्थमा कम्युनिष्ट आन्दोलन सारतत्त्वमा विश्वदृष्टिकोण परिवर्तनको आन्दोलन बन्न पुग्यो । धर्म विश्वदृष्टिकोणसँग सम्बन्धित मुद्दा भएकाले कम्युनिष्ट आन्दोलन सबै धर्मको विरूद्धमा पनि स्वतः उभिन पुग्यो ।

**– नेपालमा हिन्दू धर्मले, अरू धर्मले अरू समाजमा पार्ने नकारात्मक प्रभाव मात्र पारेको छैन, बरू यसले वर्गसमाज नै नयाँ ढङ्ले संरचना गरेको यथार्थलाई गम्भीरतापूर्वक आत्मसात् गर्नु जरूरी छ । जतिजति हिन्दू धर्मलाई लागु गरियो त्यतित्यति महिला उत्पीडन बढ्दै गयो, त्यतित्यति दलित उत्पीडन बढ्दै गयो । जनजातिमाथि "नमासिन्या मतवाली" भनेर दोस्रो दर्जाको रैती बनाउने काम हिन्दू उच्चजातीय मान्यताबाहेक अरू केही थिएन भन्ने प्रस्टै छ ।**

इतिहासका सबै वर्गसंघर्ष, उत्पादनका लागि भएका संघर्ष र वैज्ञानिक प्रयोगको अनुभवको सार खिच्न सक्ने द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको दार्शनिक हतियारद्वारा सुसज्जित मानवजातिको अन्तिम शोषित तर क्रान्तिकारी वर्ग हुनुको नाताले सर्वहारावर्गका अगाडि एकातिर आफूसहित सबै उत्पीडित वर्ग र समुदायलाई मुक्त गर्ने अभिभारा छ भने अर्कोतिर मानव जातिले आर्जन गरेका समस्त संस्कृतिले मानव जातिको लागि गरेको सेवा र हानीको मूल्यांकन गरी मानव जातिको सबै पुस्तालाई यथोचित न्याय गर्नुपर्ने, न्यायाधीशको भूमिका खेल्नुपर्ने अभिभारा पनि छ । यो दोस्रो अभिभारा पूरा गर्ने क्रममा कम्युनिष्टहरूले आफूलाई परम्परागत नास्तिकभन्दा पृथक् रूपमा प्रस्तुत गरे । कम्युनिष्टहरू दृढतापूर्वक धर्मको विरूद्धमा उभिए तर धर्महरूले आफ्नो शैशवकालमा वा अन्य बेला खेलेका क्रान्तिकारी भूमिकाहरूलाई पनि उचित मूल्यांकन गरी स्वीकार गरे ।

वेदका रचनाकारहरू त्यसबेलाका महान् मानिसहरू थिए । ठाउँपिच्छे देवता जन्मिने परम्परालाई तोडेर मूर्ति पूजाको विरोध गर्ने गौतम बुद्ध, एक अल्लाहको धारणा ल्याउने मोहम्मद अनि मालिकलाई मात्र ईश्वरको आशीर्वाद मिल्छ भन्ने मान्यताविरूद्ध ईश्वरको नजरमा सबै बराबर भन्ने इसा मसिह वास्तवमा आफ्नो जमानाका महान् क्रान्तिकारीहरू नै थिए । मानवजातिको दुःखलाई कम गर्न धर्ती, हावा, पानी, अग्नि आदिलाई खुसी पार्न पूजा गर्ने प्राकृत धर्मीका प्रथम नायकहरू आफ्नो जमानाका महान् मानवसेवी नै थिए ।

आफ्नो समयको सापेक्षित अज्ञानता, सृष्टि र जीवन्-जगत्का नियमहरूको उत्तर खोज्ने प्रयत्न र मानव जातिमाथि आइरहने प्राकृतिक अनिष्टको प्रकोपबाट हुने पीडालाई राहत दिने सदिच्छाको जगमा नै मानिसले फरक-फरक भूगोलमा फरक फरक प्रकार र नामका अलौकिक शक्ति वा ईश्वरलाई जन्म दिन पुग्यो । ईश्वर वास्तवमा अज्ञानी मानिसले आफ्नो दिमागभित्रबाट जन्माएको प्यारो सन्तान नै थियो । त्यो अज्ञानी मानवले आफ्नो त्यो सन्तानलाई यति धेरै प्रेम गऱ्यो कि आफैंले जन्माएको सन्तान ईश्वरको आफू सन्तान हुँ भनी स्वीकार गऱ्यो । यसरी आदिमकालमा ईश्वरको आविष्कार र शैशवकालीन धार्मिक मूल्यमान्यताहरू सारमा मानव जातिको सेवाकै लागि रचना गरिएका थिए तर वर्ग समाजको उत्पत्तिसँगै ती सबै दयालु अलौकिक शक्ति वा ईश्वर र मानव सेवा गर्ने मूल्यमान्यताहरू वर्गीय बन्न थाले र शोषकवर्गले ईश्वरलाई एवं धार्मिक मतलाई शोषित वर्गका विरूद्ध गतिलो हतियारका रूपमा प्रयोग गर्न सुरु गऱ्यो ।

त्यसैगरी शासक र शोषक वर्गले मुठ्याएको ईश्वर र धर्मसँग विद्रोह गरेर नयाँ ईश्वर र नयाँ धार्मिक मतहरू जन्मिने प्रक्रिया पनि लगातार चल्यो । त्यही क्रममा जन्मिएका हुन् बौद्ध मत, इस्लाम र इसाई मत आदि । ती मतहरूले तबसम्म विद्रोही र क्रान्तिकारी भूमिका खेले जबसम्म ती मतहरू शसक एवं शोषक वर्गको कब्जामा परेनन् । यसरी के प्रष्ट देखिन्छ भने शासक एवम् शोषक वर्गको कब्जामा परेपछि सबै ईश्वर र सबै धर्महरू जनविरोधी बन्न पुगे । श्रमजीवी वर्गमाथि शोषण गर्ने गतिलो वैचारिक हतियार बन्न पुगे ।

आजको २१औं शताब्दीमा पनि विश्व साम्राज्यवादले धर्मलाई सर्वहारा क्रान्ति, राष्ट्रिय मुक्ति लगायतका सबै प्रकारका आन्दोलनलाई रोक्ने हतियारका रूपमा प्रयोग गरिरहेको छ । विश्वका सबै खालका क्रान्तिकारीहरूबीच केवल सर्वहारा क्रान्तिकारीहरूले मात्र धार्मिक अन्धताका विरूद्धको मोर्चा सम्हाल्न परिरहेको छ । यसप्रकारको स्थितिमा कम्युनिष्ट आन्दोलनले धर्मबारे निकालेका निष्कर्ष नेपालमा कसरी लागु भए र गर्ने भन्ने विषयमा छलफल चलाउनु निकै सान्दर्भिक र महत्त्वपूर्ण छ ।

**नेपालमा धर्म**

क) नेपालमा अन्य धेरै विषयको जस्तै धर्मको इतिहास पनि आधिकारिक रूपमा पाइन्न । धर्मको इतिहासको अध्ययन गर्न विभिन्न ग्रन्थ, जातक, वंशावली, इतिहास र समाजशास्त्रका छरिएर रहेका पुस्तकहरूको सहारा लिनुपर्ने अवस्था छ । आजको नेपालको लुम्बिनीमा बुद्धधर्मको जग बसालिएको यथार्थ प्रमाणित छ । बौद्ध मत वज्रयान, थेरवाद (श्रावकयान), महायान आदिमा विकसित हुँदै गएपछि नेपालभित्रै फरक फरक बौद्ध मतभित्रकै सम्प्रदाय विकसित भएको देखिन्छ । त्यसमध्ये पनि तामाङ्ग जातिले अभ्यास गर्दैआएको बौद्धमत नेपालबाट तिब्बत-चीन पुगेर थप नयाँ ढाँचामा ढालिएर फेरि नेपाल फर्किएको देखिन्छ । प्रकृतिपूजक हुँदै मुन्धुम (राईहरू मुन्धुमलाई मुदुम, मुन्दुम आदि भन्छन्- सं.) सम्म विकसित किरात धर्मको उत्पत्ति हिमालयखण्ड अर्थात् आजको नेपालभित्र नै भएको कुरामा धेरैले विमति राख्दैनन् । मूतलः प्रकृतिपूजकका रूपमा रहेका विभिन्न जनजातिका धार्मिक मतहरू पनि मूलतः नेपालभित्रै जन्मिएका भनी स्वीकार गर्न कुनै तथ्यले छेक्दैन । गौतम बुद्ध कालमै जन्मिएको मानिएको तथा गौतम बुद्ध र महावीरको बास एकपटक एक रात एकै स्थानमा भएको बौद्ध कथामा उल्लेख भएको कुरालाई हेर्दा जैन धर्म पनि नेपाल र हिन्दुस्तानको यसै सेरोफेरोमा जन्मिएको सजिलै मान्न सकिन्छ । यसरी के देखिन्छ भने नेपालभित्र र बौद्धकालदेखि जन्मिएका धार्मिक मतहरूमा वर्णव्यवस्था, जातपात, छुवाछूतजस्ता कुनै चीज थिएन, ती समतामूलक स्वभावका धार्मिक मतहरू थिए ।

ख) नेपालको पशिचम पहाडमा ईश्वी सन्‌को पहिलो शताब्दीतिरै उत्तरबाट आइपुगेका मानिएका मतवाली खस मस्टो अर्थात् कुलदेवता पूजक थिए । उनीहरू हिन्दूधर्मी थिएनन् । अब १२ औंदेखि १६ औं शताब्दीका बीचमा भारतबाट पूर्ण विकसित हिन्दू धर्मसहित वैदिक आर्यहरू पश्चिमबाट नेपाल भूमिमा प्रवेश गर्न सुरू गरे, त्यसपछि नै पश्चिम नेपालमा हिन्दू धर्म आइपुगेको र मस्टोपूजक खसलाई पनि हिन्दूकरण गर्ने प्रक्रिया चलेको हो । तिनै पश्चिम नेपालबाट प्रवेश गरेका वैदिक आर्यहरूको राज्य विस्तार हुँदै गोरखासम्म पुगेको मानिन्छ । अर्कातिर नेपालको तराईखण्डमा भारतबाट हिन्दूधर्मीय मानिसहरू उत्तरतिर सर्दै आउने क्रममा आइपुगेका देखिन्छ । वागमती उपत्यकामा भने भारतको बैशालीबाट आएका हिन्दू धर्मीय लिच्छवीले सन् २०० मा किरात राज्यमाथि विजय पाएपछि नै हिन्दू धर्मको व्यवस्थित सुरूआत गरेको देखिन्छ । त्यसपछि सन् ८७९ मा भारतबाट आएका हिन्दू मल्लहरूले लिच्छवी शासनको अन्त्य गरेपछि हिन्दू परम्परालाई अझ नयाँ उचाइमा विकसित गर्दै लगेको प्रष्ट छ । वागमती उपत्यकाको विशेषतः नेवार जातिभित्र विभिन्न समुदाय कुन धर्मको नजिक छ भनेर जान्न उसले पुरेत कुन धर्मको राख्छ भनी बुझ्नुपर्ने जटिलता छ किनभने बौद्ध, किरात र हिन्दू अनुष्ठानहरू सबैजसोले गरिरहेको भेटिन्छ । नेपालमा इस्लामहरू दुई तरिकाले आइपुगेको देखिन्छ । एउटा भारतीय भूमिबाट इस्लाम धर्मीय समुदाय उत्तरतिर सर्ने क्रममा नेपालको तराईका विभिन्न भूभागसम्म आइपुगे, अर्को मल्ल कालमा चुरा-पोते आदि शृङ्गारका सामानको व्यापार गर्न कास्मिरबाट झिकाएर बागमती उपत्यकामा बसालियो । त्यसैगरी त्यही व्यापारका सिलसिलामा विभिन्न पहाडी बस्तीमा बस्न पुगे । यसबाहेक शिख धर्मीहरू चाहिँ सबैभन्दा पछि भारतबाट तराईका केही शहरमा र त्रिभुवन राजपथ खुलेपछि ड्राइभर पेसा गर्दै केही काठमाडौंमा आएर बस्न पुगे । इसाई धर्म चाहि मल्लकालमा नै आइपुगेको

इसाइहरू बताउँछन् । तर पृथ्वीनारायण शाहको शासन सुरू भएपछि उनीहरूलाई देशनिकाला गरिएको र नभाग्नेलाई फाँसी दिएको भन्ने भनाइ इतिहासकारहरूको छ । आजका इसाइधर्मीहरू चाहिँ दोस्रो विश्वयुद्धपछि अमेरिका, बेलायतजस्ता देशले शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा काम गर्न भनी पठाएका विभिन्न मिसनहरूले चलाएका अभियानबाट प्रभावित भएर इसाइ धर्म ग्रहण गरेका हुन् ।

ग) असली हिन्दूस्तान बनाउने योजनअनुसार पृथ्वीनारायण शाहले थालेको गोरखा राज्यको विस्तार अभियानको सफलतापछि बनेको नेपालमा हिन्दूधर्म स्वतः राजकीय धर्म बन्न पुग्यो र गैरहिन्दूलाई हिन्दूकरण गर्ने, हिन्दू धर्मका आधारमा नीतिनियम-कानून, आदेश-फर्मान जारी हुने क्रम तीव्र पारियो । वर्णव्यवस्था मान्न र छुवाछूत गर्न गैरहिन्दूलाई पनि प्रशिक्षित गरियो । सिंगै नेपालमा शाह-राणा वंशको शासनकाल सुरू भएपछि पुरानो परम्परागत वर्गसंरचनालाई भत्काएर क्रमशः हिन्दूधर्मको वर्ण व्यवस्थाअनुसारको तहगत संरचनामा आधारित वर्गीय समाज निर्माण गरियो । वास्तवमा नेपालमा वर्गीय समाज वर्णव्यवस्थाको तहअनुसार निर्माण हुनपुग्यो । जति तल्लो जात उति तल्लो वर्ग, जति माथिल्लो जात उति माथिल्लो वर्ग । संसारमा अन्त कतै नभएको केवल वर्णव्यवस्था भएको दक्षिण एसियामा मात्र भएको वर्गीय समाजको मोडल सिंगै नेपालमा पृथ्वीनारायण शाहको शासनकालपछि लागु गरिएको हो । यसर्थ, नेपालमा हिन्दू धर्मले, अरू धर्मले अरू समाजमा पार्ने नकारात्मक प्रभाव मात्र पारेको छैन, बरू यसले वर्गसमाज नै नयाँ ढङ्गले संरचना गरेको यथार्थलाई गम्भीरतापूर्वक आत्मसात् गर्नु जरूरी छ । जतिजति हिन्दू धर्मलाई लागु गरियो त्यतित्यति महिला उत्पीडन बढ्दै गयो, त्यतित्यति दलित उत्पीडन बढ्दै गयो । जनजातिमाथि 'नमासिन्या मतवाली' भनेर दोस्रो दर्जाको रैती बनाउने काम हिन्दू उच्चजातीय मान्यताबाहेक अरू केही थिएन भन्ने प्रस्टै छ । यसरी आधुनिक नेपालसम्म आइपुग्दा नेपाल एकातिर थुप्रै धर्महरूको माखेसाङ्लोमा अल्झिएको र हिन्दू धर्मले अरू सबै धर्ममाथि दमन गरिरहेको समाजको रूपमा देखापऱ्यो ।

### क) नेपाली कम्युनिष्ट आन्दोलन र धर्म

क) कार्ल मार्क्सले एउटा महान् संश्लेषण गर्नुभएको थियो, 'धर्म मानिसको लागि अफिम हो ।' नेपालको कम्युनिष्ट आन्दोलनले धर्मबारे लिएको नीति यही वाक्यका वरपर यहाँसम्म कि यो वाक्यको भित्री तहसम्म समेत पुग्न नखोजी केवल नतमस्तक भएर घुमिरहेको देखिन्छ । नेपालमा धेरैजसो कम्युनिष्टले यो वाक्यको अर्थ कसरी बुझेका छन् भने



अफिम लठ्याएर बेहोस बनाउने लागू औषध हो, त्यसैले यसलाई प्रयोग गर्न हुँदैन, धर्म पनि त्यस्तै लागू औषध हो । मार्क्सको अभिप्राय त्यो होइन । त्यतिबेला असाध्य रोग लागेकाको शारीरिक पीडा कम गर्न कुनै 'पेन किलर' औषधि बनेको थिएन त्यसकारण त्यतिबेला त्यस्ता रोगीको पीडालाई भुल्याउन अफिम सेवन गराइन्थ्यो । यस अर्थमा मार्क्सको अभिप्राय के थियो भने पीडाग्रस्त मानिसलाई गलत तरिकाले नै भए पनि धर्मले अफिमले जसरी पीडाबाट छुटकारा दिने गरेको छ । मार्क्सले धर्मलाई गलत भन्नुभयो साथमा धर्मले नकारात्मक ढङ्गले पारेको सकारात्मक प्रभावको पनि शानदार ढङ्गले उजागर गर्नुभयो ।

नेपाली कम्युनिष्ट आन्दोलनले धर्मलाई गलत र यसको विरोध गर्नुपर्छ भन्ने अत्यन्त सरलीकृत नीति मात्र अघि सारेको देखिन्छ । धर्मको ऐतिहासिक भौतिकवादी विश्लेषणसहित विश्वदृष्टिकोण परिवर्तनको अभियानसँग गाँसेर यसबारे गम्भीर नीति अघि सारेको देखिँदैन । नेपाली कम्युनिष्ट आन्दोलनले धर्मबारे लिएको अर्को नीति के थियो भने राज्य धर्मनिरपेक्ष हुनुपर्छ । ५० को दशकभन्दा अघिसम्म त कम्युनिष्ट आन्दोलन केवल धार्मिक स्वतन्त्रताको मात्र वकालत गर्थ्यो, त्यसपछि भने धर्मनिरपेक्षताको पक्षमा उभिन थाल्यो । हिन्दू धर्म नेपालमा शासक धर्म रहिआएकोले मुख्य प्रहारको निशाना हिन्दू धर्मले सिर्जना गरेका उत्पीडनलाई नै बनाउनु ठीक थियो तर यो द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण निर्माणको प्रश्नसँग सम्बन्धित भएकाले हिन्दूबाहेकका अन्य धर्मको जनविरोधी मानवविरोधी चरित्रमाथि पनि प्रहार गरिनुपर्थ्यो । त्यसो चाहिँ हुन सकेन । केवल हिन्दू धर्म मात्रै गलत भए जस्तो, अरू धर्मप्रति भने उदारता अपनाएजस्तो कम्युनिष्ट आन्दोलनको नीति रह्यो, जुन त्रुटीपूर्ण छ ।

**ख) नेपाली कम्युनिष्टको व्यवहार र धर्म**

नेपाली कम्युनिष्ट आन्दोलनमा रहेको धर्मबारे घनीभूत, व्यापक र दूरगामी रणनीतिको अभावका कारणले धर्मबारे नेपाली कम्युनिष्टको व्यवहार मूलतः ढोंगी र अवसरवादी प्रकारको रहन गएको छ । धर्मको विरोध वामपन्थी बालरोग जसरी चर्को रूपमा प्रकट हुने, त्यसपछि समयक्रमसँगै महादेवको तस्वीर कोठामा टाँस्ने स्तरमा १८० डिग्री फन्को मार्ने प्रवृत्ति कम्युनिष्ट आन्दोलनमा हुनु धर्म बारेको छिपछिपे बुझाइका आधारमा गरिएको विरोधबाहेक केही होइन । कम्युनिष्ट आन्दोलनमा अहिलेसम्म कुनै न कुनै रूपमा जातपात कायम रहनु, महिलालाई दोस्रो दर्जाकै व्यवहार गरिनु अनि भाषाण गर्दा धर्मको विरोध तर जनै लगाउन नछोड्नु, तामाङ्ग नेता भए स्वयम्भूमै जलाउनुपर्ने, हिन्दू भए पशुपतिमै लाँदा राम्रो मान्नु, घरभित्र सबै धार्मिक अनुष्ठान तर बाहिर परिवारले मान्दैनन् भनी उम्किनु, भूमिगत होउन्जेल दशैंको विरोध तर खुला भएपछि सबैभन्दा ठूलो टीका उनकै निधारमा- यी र यस्ता प्रशस्त व्यवहारहरू छन् नेपाली कम्युनिष्टका, जसले धर्मबारेको उनीहरूको उद्घोष वास्तवमा ढोङ्ग र पाखण्डबाहेक अरू केही थिएन भन्ने प्रष्ट हुन्छ । करिब साढे ६ दशकको कम्युनिष्ट आन्दोलनमा पैदा भएका अत्यन्त थोरै नेताकार्यकर्ता मात्र धर्मसँग सम्बन्धविच्छेद गरेको पाइनु भनेको अँध्यारोमा टुकी अवश्य हो, तर झलमल्ल उज्यालो भने हुँदै होइन ।



**ग) नेपाली कम्युनिष्ट र केही टीठलाग्दा गल्तीहरु**

नेपाली कम्युनिष्टहरूले परम्परागत चाडपर्वलाई प्रगतिशील चेतना बाँड्नु उपयोग गर्ने नीति लिँदै आए । तर, चाडपर्व भने हिन्दू चाडपर्व मात्र रोजे, त्यो पनि आर्य-खस चाडपर्व मात्र । मधेसी र जनजातिको चाडपर्व मात्र । मधेसी र जनजातिको चाडपर्वका बारेको कम ज्ञान । किनभने, लामो समयसम्म ठूला कम्युनिष्ट नेता आर्य-खस उच्च जातका मात्र रहे अनि मधेसी र जनजाति ठूला नेता-कार्यकर्ता नभएका कारणले मधेस र जनजातिका चाडपर्वलाई उपयोग गर्ने प्रस्ताव नै बन्न सकेन । परिणामतः कम्युनिष्ट पार्टीका समारोहहरू हिन्दू पहाडिया उच्च जातीय ढाँचामा ढालिए । कोही नेता चुनियो भने रातो टिका र फूलको माला प्रचलन नै बसालियो अनि मुसलमान र इसाई चुनियो भने पनि स्वभावैले उसको मान्यता विपरीत माला र टिका लगाइयो । द्यौसी-भैलोमा कम्युनिष्ट पार्टीले निर्णय गरेर 'म्हपूजा' गर्न जानुपर्ने नेवार युवती कार्यकर्तालाई रातभरि नचाइयो र उसमाथि हिन्दू चाड लादियो, उसको आफ्नो चाड मान्न वञ्चित पारियो । लिङ्ग पूजाको तीजसँग कुनै सरोकार नराख्ने लिम्बू महिलालाई सभापति बनाएर ज्यापू महिलालाई नचाइयो । स्कुल, क्याम्पसको लागि पैसा बटुल्ने नाममा पार्टीका नेताको संयोजकत्वमा हिन्दू पुराण वाचन कार्यक्रम आयोजना गरियो । अझ कम्युनिष्ट नेताले उद्घाटनसमेत गर्ने गरियो । यस्ता अनगिन्ती उदाहरणहरू छन् जसमा कम्युनिष्ट पार्टीमा लागेका गैरहिन्दूहरूलाई हिन्दू कर्ममा निर्णय गर्न लगाइयो । विडम्बना, अहिले पनि लगाइँदैछ । यहाँसम्म कि जनयुद्धमा युद्धविराम गर्दासमेत दशैंको निम्ति भनेर गरियो । यसरी गम्भीरतापूर्वक हेर्दा के देखिन्छ भने कम्युनिष्टहरू एकहदसम्म चाहे त्यो थोरै नै किन नहोस्, गैरहिन्दूमाथि हिन्दूकरण लाद्ने औजार बन्न पुगे । वास्तवमा यथार्थ यही हो- कम्युनिष्ट पार्टी साँचो अर्थमा धर्मनिरपेक्षसमेत बन्न सकेन । यी इतिहासका टिठलाग्दा गल्तीहरू कम्युनिष्टले तुरून्तै सच्याउन जरूरी छ । तर, दुःखद् पक्ष यसतिर ध्यान धेरैको छैन ।

**घ) दश वर्षको जनयुद्ध र धर्म**

तत्कालीन नेकपा (माओवादी) पार्टीले जनयुद्ध सुरू गर्नुभन्दा पहिलासम्म कम्युनिष्टको धर्मबारेको नीति या त ढोङ्- पाखण्डमा सीमित थियो, या त केही योद्धाहरूको विशिष्ट व्यवहारमा सीमित थियो । तर, जनयुद्धले धर्मद्वारा लादिएको तीनवटा गम्भीर नकारात्मक सामाजिक व्यवहारमाथि गम्भीर प्रहार गऱ्यो ।

एक, गाईको पवित्रतामाथि प्रहार गऱ्यो जनयुद्धमा हाम्फालेका सबै हिन्दू समुदायबाट आएकाले (अपवाद पनि होलान्) गाईको मासु खाएर गाईको ईश्वरीय पवित्रतासम्बन्धी हिन्दू मान्यतालाई चुनौती दिए । अब नातासम्बन्ध जोड्दै

जाने हो भने नेपालको कुनै पनि ब्राह्मण, क्षेत्री, सन्यासी परिवार, त्यसै स्तरका मधेसी समुदायका परिवार गाईसम्बन्धी आफ्नो मूल्यमा चोखो रहेका छैनन् । यथार्थ यही हो । नेपालमा जनजाति र दलितमाथि थोपरिएको यो अपवित्रताको साङ्लो जनयुद्धले कमसेकम बौद्धिकस्तरमा चकनाचुर पारिदिएको छ । गाई जनावर हो, धेरै दूध दिने जनावर त्यसलाई त्यही रूपमा मात्र बुझ्ने दृष्टिकोण बनाउन ढोका खोलिदिएको छ ।

दुई, जनयुद्धले दलितमाथिको जातपात, छुवाछूत भेदभावका विरूद्ध ठूलै परिवर्तन ल्याएको छ । भेदभावलाई घटाउन र दलित जागरण ल्याउन त्यसले ऐतिहासिक भूमिका खेलेको छ । कहिल्यै हतियार बोक्न नपाएकालाई हतियारधारी बनाएर, छुवाछूत भेदभावलाई व्यवहारमा दण्डनीय बनाएर अनि दलितलाई नीतिनिर्माणमा नेतृत्व दिने प्रक्रियाको सुरूआत गरेर जनयुद्धले वर्णव्यवस्थाको ढाडमा धेरैपटक वज्र प्रहार गरेको छ ।

तीन, महिलालाई सशस्त्र बनाएर जनयुद्धले महिलामाथिको हिन्दू र अन्य सबै धर्मको उत्पीडनलाई गम्भीर चुनौती दिएको छ । निश्चित रूपमा जनयुद्धले धर्मसँग अभिन्न रूपमा सम्बन्धित यी विषयमा गम्भीर परिवर्तन ल्याएकै हो । तर, ती परिवर्तन आमसमाजको सांस्कृतिक रूपान्तरणको रूपमा नभएर केवल जनयुद्धको बलमा भएका परिवर्तनको स्तरमा मात्र रहेकाले जनयुद्धको समाप्तिपछि ती उपलब्धी प्रतिगमनमा जाने गम्भीर खतरा उपस्थित भइसकेको छ । दलित र गैरदलितबीचको अन्तरजातीय विवाहमा भइरहेको सम्बन्धविच्छेद त्यसको ज्वलन्त उदाहरण हुन् । त्यसकारण जनयुद्धले भत्काएका धार्मिक मूल्यमान्यतालाई पनुर्जीवित हुन नदिन र अग्रगामी बाटोमा अघि बढ्न कम्युनिष्ट क्रान्तिकारीहरूले तत्काल ठोस योजना बनाउन जरूरी छ ।

## ङ) नेपाली कम्युनिष्ट र धर्मनिरपेक्ष राज्य एवं गणतन्त्रको स्थापना

तमाम गल्ती, कमजोरीका बाबजुद नेपाली कम्युनिष्ट आन्दोलन- त्यसमा पनि विशेषत:, जनयुद्ध र त्यसको जगमा विकसित वि.सं. २०६२/०६३ को जनआन्दोलनले नेपालमा गणतन्त्र र धर्मनिरपेक्षता स्थापित गरिछाड्यो । यो निकै ठूलो क्रान्तिकारी उपलब्धी हो । गणतन्त्रको अर्थ हो नेपालको शासकीय धर्म हिन्दूधर्मको राजकीय संरक्षण अन्त्य र धर्मनिरपेक्षताको अर्थ हो धार्मिक स्वतन्त्रतासहित नास्तिक बन्ने नागरिकलाई वैधानिक अनुमति । निष्कर्षमा द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणको प्रचारलाई वैधानिक स्वीकृति । यो उपलब्धीमाथि टेकेर नेपाली कम्युनिष्टले धेरै काम गर्न सक्ने स्थिति सिर्जना भएको छ । जरूरी छ, गणतन्त्र र धर्मनिरपेक्षताको रक्षा र सिंगै समाजको अधिभूतवादी प्रत्ययवादी विश्वदृष्टिकोण बदलेर द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण निर्माण गर्ने अभियान सञ्चालनको गुरूयोजना । त्यो गुरूयोजना बनाउन सक्छ कि सक्दैन भन्ने कुरामा नै नेपाली कम्युनिष्टको धर्मबारेको भविष्य निर्धारण हुनेछ ।

## धर्मबारे नेपाली कम्युनिष्टको समस्या

क)धर्मबारे नेपाली कम्युनिष्टको मूल समस्या भनेको दृष्टिकोणको समस्या नै हो । धर्मको सतही विरोध तर व्यवहारमा त्यसैसँग जोडिइरहने समस्या नै दृष्टिकोणको समस्या हो । धर्मका जराहरू के हुन् ? एक विश्वदृष्टिकोणमा नै धर्मको सबैभन्दा ठूलो जरा छ । दुई, चाडपर्व र रीतिरिवाजमा दोस्रो जरा छ । र तीन, आचार-व्यवहारमा तेस्रो जरा छ । यी तिनै क्षेत्रका जराका बारेमा संश्लेषण गरी त्यसविरूद्ध लड्दै द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण बनाउने अभियानको मार्गचित्र बनाउन ठोस, व्यापक र दूरगामी दृष्टिकोण बनाउन नसक्नु मुख्य समस्या हो ।

ख) धर्मको धार्मिक पर्व र धर्मबाट निर्देशित आचार, व्यवहारका सम्बन्धका कुन कुन विषयमा कुन तहको कम्युनिष्ट नेता/कार्यकर्ताले के के गर्ने पर्ने ? आम पार्टी सदस्य र समर्थकले के कर्म गर्नैपर्ने ? र कुन कुन धर्मका नेता/कार्यकर्ताले त्यस धर्मसँग सम्बन्धित अनुष्ठान कसरी भौतिकवादी बनाउने ? र कुन परम्परागत रीतिलाई कसरी वैज्ञानिकीकरण गर्ने ? त्यसमा पनि कुन स्तरकाले कति गर्ने र जनस्तरमा के प्रस्ताव गर्ने ? जस्ता विषयमा कुनै नीति नहुनु नेपाली कम्युनिष्टको अर्को नीतिगत समस्या हो । नीति नै नभएपछि भौतिकवादी ढङ्गले अनुष्ठान गर्दा पनि ठीक, धार्मिक ढङ्गले अनुष्ठान गर्दा पनि ठीकको स्थिति जारी छ । यसबारेमा ठोस नीति अब बनाउनै पर्छ । नत्र कम्युनिष्ट आन्दोलन विश्वदृष्टिकोण परिवर्तन गर्ने आन्दोलन नभई राजनीतिक सत्ता परिवर्तनको आन्दोलनमा सीमित हुनेछ ।

ग) व्यवहार जहिले पनि दृष्टिकोण र नीतिको अधिनस्थ हुन्छ । नेपाली कम्युनिष्टका व्यवहारमा देखापरेका ढोङ्ग र पाखण्डीपन जति पनि छन् त्यो दृष्टिकोण र नीतिमा रहेको समस्याका कारणले उत्पन्न भएका हुन् । व्यवहार जीवन्त हुने र भौतिक जीवन चलायमान सामाजिक अस्तित्वसँग जोडिएको हुनाले त्यो अन्यन्त कठिन त हुन्छ नै तर त्यो त हर युगमा हर क्रान्तिकारीले सामना गरेको कुरा हो । मुख्य कुरा दृष्टिकोण र नीति हो । दृष्टिकोण र नीति प्रष्ट हुने हो भने नेपालको अग्रगामी परिवर्तन चाहने जनमानसले धर्मको विरूद्ध निकै ठूलो अभियान चलाउने चित्र प्रष्ट देखिन्छ, किनकि परिवर्तनका खातिर जहिले पनि नेपाली जनताले चाहे त्यो कुनै पनि धर्म समुदायको होस्, बलिदान दिन पछि नपरेको दृष्टान्त हाम्रोसामु छ ।

## निष्कर्ष: धर्मबारे नेपाली कम्युनिष्टको बाटो

सबै प्रकारका धार्मिक अन्धताविरूद्धको आन्दोलन वास्तवमा व्यापक अर्थमा भन्दा सांस्कृतिक रूपान्तरणको आन्दोलन हो । नेपाली समाज भर्खरै सामन्ती उत्पादनसम्बन्धबाट पुँजीवादी उत्पादनसम्बन्धतिर बामे सर्न आँटेको हुनाले अहिलेको सांस्कृतिक रूपान्तरणको मूल रणनीति जनवादी संस्कृतिको निर्माण हुन्छ, तर जनवादी संस्कृतिको निर्माणले धार्मिक अन्धताविरूद्ध पुरै सफलता प्राप्त गर्न सक्दैन, त्यसका निम्ति समाजवादी संस्कृतिको निर्माण जरूरी हुन्छ । तसर्थ, धार्मिक अन्धताविरूद्धको आन्दोलनको रणनीति निर्माण गर्दा नेपाली सांस्कृतिक आन्दोलनले जनवादी संस्कृतिको निर्माण साथसाथै समाजवादी संस्कृतिको जग बसाल्ने दिशा तय गर्न जरूरी छ । यो मूल रणनीतिअन्तर्गत रही नेपाली प्रगतिवादी सांस्कृतिक आन्दोलनले आफ्नो दूरगामी योजनासहित अघि बढ्नु आवश्यक छ ।

क) नेपाली कम्युनिष्ट आन्दोलनले पचासको दशकपछि एउटा निष्कर्ष निकालेको छ- सर्वहारा सांस्कृतिक क्रान्तिलाई राजनीतिक क्रान्तिपछि होइन, आजैदेखि क्रान्तिको अभिन्न अंगको रूपमा सञ्चालन गरिनुपर्छ । यो निकै ठूलो संश्लेषण हो तर व्यवहारमा लागु भएको भने मूल रूपमा छैन । यो संश्लेषणलाई कम्युनिष्ट आन्दोलनले योजनाबद्ध रूपमा लागु गर्न सुरू गर्नुपर्छ ।

ख) धार्मिक अन्धता र सबै प्रकारका रूढीको विरूद्धको सांस्कृतिक रूपान्तरणको आन्दोलन वास्तवमा विश्वदृष्टिकोण परिवर्तनको आन्दोलन भएकाले पार्टीभित्र र बाहिर तत्कालीन, अल्पकालीन र दीर्घकालीन रणनीति तयार पारी योजनाबद्ध रूपमा सांस्कृतिक रूपान्तरणको अभियान सञ्चालन गरिनुपर्छ । सांस्कृतिक संघ-संगठनलाई केवल नाचगान वा साहित्यकला सिर्जनामा मात्र सीमित पार्ने रोगबाट मुक्त भई त्यसलाई विश्वदृष्टिकोण परिवर्तनको महाअभियान सञ्चालन गर्ने संगठनका रूपमा विकसित गरिनुपर्छ ।

ग) धर्मनिरपेक्ष राज्यको प्राप्तिलाई रक्षा गरी त्यसको वैधानिक स्वीकृतिमाथि उभिएर द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणलाई वैधानिक सबै माध्यम प्रयोग गरी प्रचार गर्ने कार्यलाई व्यापक मात्रामा बढाइनुपर्छ ।

घ) नेपालमा रहेका सबै धर्मको ऐतिहासिक भौतिकवादी विश्लेषणसहित तिनले इतिहासको खास कालमा खेलेका सकारात्मक भूमिका र अन्ततः तिनले खेल्ने मानवविरोधी, श्रमजीवी वर्गविरोधी भूमिकाका बारेमा स्पष्ट पार्ने गरी पार्टीभित्र व्यापक प्रशिक्षण तथा पुस्तक, पुस्तिकाको प्रकाशन र सञ्चारमाध्यमहरूमार्फत् प्रचारको योजना बनाई लागु गरिनुपर्छ ।

ङ) धार्मिक अन्धताविरोधी सांस्कृतिक आन्दोलनलाई धर्मविरोधी आन्दोलनको रूपमा नभई नयाँ विश्वदृष्टिकोण निर्माणको आन्दोलनको रूपमा सञ्चालन गर्न कलाको भरपूर प्रयोग गरिनु आवश्यक छ ।

च) धार्मिक सभा, समारोहमार्फत् गरिने राजनीतिको डटेर भण्डाफोर गर्ने नीति लिइनुपर्छ ।

छ) धार्मिक अन्धताको विरोधी हुनुको मतलब कुनै आस्तिक व्यक्तिविशेषको विरोधी हुनु होइन । धार्मिक सम्प्रदाय वा व्यक्तिको आस्थाको सबैभन्दा बढी सम्मान पनि कम्युनिष्टहरूले नै गर्नुपर्छ र गर्न सक्छन् । वास्तवमा कुनै आस्तिक व्यक्ति वा सम्प्रदायलाई कम्युनष्टिले एउटा रोगीका रूपमा हेर्छन् । रोगीलाई मारेर वा घाइते बनाएर रोग निको हुँदैन, उपचार गरेर मात्रै रोग निको हुन्छ । यही उपचारको विधि व्यवहारमा अपनाइनुपर्छ ।

ज) विश्वदृष्टिकोण परिवर्तनको आन्दोलन दीर्घकालीन हो तर धार्मिक अन्धताको प्रत्यक्ष जरा भने चाडपर्व, प्रथा, परम्परा, अनुष्ठानहरूमा प्रकट हुने गरेका छन् ।

त्यसैले सबैभन्दा पहिले त्यहीँबाट धार्मिक अन्धतासँगको संघर्ष सुरू गरिनुपर्छ ।

झ) धार्मिक सभा, समारोहमार्फत् गरिने राजनीतिको डटेर भण्डाफोर गर्ने नीति लिइनुपर्छ ।

ञ) सबै चाडपर्व, अनुष्ठानहरूबाट धार्मिक क्रियाकलापलाई अलग्याई तिनलाई केवल सांस्कृतिक रूपमा मात्र मनाउन सुरू गरिनुपर्छ । दशैंबाट धार्मिक क्रियाकलाप अलग्याउने हो भने यो विशुद्ध पारिवारिक भेटघाट र खानपिनको सांस्कृतिक पर्वमा रूपान्तरण हुनेछ ।

ट) सबै चाडपर्व, अनुष्ठानलाई बोझिलोबाट सरलीकृत गर्न र खर्चिलोबाट किफायती बनाउन आमजनतालाई सघाउनुपर्छ । एकैचोटी आमजनता विज्ञानलाई स्वीकार गर्न तयार नहुने अवस्थामा चाडपर्व, अनुष्ठानलाई सरल र किफायती बनाउन तयार पार्दै, वैज्ञानिकीकरण गर्न तयार पार्दै लाने नीति लिइनुपर्छ । किरिया बस्न छाड्न नसक्नेलाई १३ दिनको सट्टा ५ दिनमा झार्न अनि घरखेत बेचेर घ्यावा गर्नेलाई चियापानसम्ममा झार्न सकियो भने त्यो पनि अन्ततः विज्ञानतिरकै यात्रा हुन्छ ।

ठ) सम्भव भएजति चाडपर्व, अनुष्ठानलाई वैज्ञानिकीकरण गरिने अभियान चलाइरहनुपर्छ ।

ड) मानवजाति आफैले लडेर स्थापित गरेका राजनीतिक, सामाजिक दिनहरूलाई सांस्कृतिक पर्वको रूपमा मनाउन सुरू गर्नुपर्छ । मे दिवस, ८ मार्च, जनयुद्ध दिवस, शहीद दिवस, गणतन्त्र दिवस आदिलाई कम्युनिष्टहरूले केवल राजनीतिक पर्व मात्र बनाए । यो पर्याप्त छैन, तिनलाई सांस्कृतिक पर्वको रूप समेत दिन जरूरी छ । पाहुना दशैं वा ल्होछारमै डाक्ने, मे दिवसमा चाहिँ जुलुश मात्रै निकाल्ने गरेर आमजनताले तिनलाई आफ्नो भावना जोडिएको पर्व ठान्दैन । नयाँ पर्वहरूको जग बसाल्न तिनलाई खानपिनसँग जोड्नेतिर पनि कम्युनिष्टको ध्यान जान जरूरी छ । मानवजातिका पर्वहरू खानपिन, मनोरञ्जन र भावना साटासाटसँग जोडिएका छन्, त्यसैले त्यसलाई मानिसहरू आफ्नो ठान्छन् भन्ने तथ्यतिर गम्भीर ध्यान जानु आवश्यक छ ।

ढ) कम्युनिष्ट पार्टीले पार्टीका नेताले कुन कुन अनुष्ठानमा के गर्ने, कुन स्तरसम्मका कार्यकर्ताले के गर्ने, के नगर्ने, आमकार्यकर्ताले के गर्ने, के नगर्ने र आमजनतामा के लैजाने भन्ने स्पष्ट नीति बनाई लागु गर्नुपर्छ ।

यसप्रकार धार्मिक अन्धताविरूद्धको सांस्कृति आन्दोलनलाई विश्वदृष्टिकोण परिवर्तनको आन्दोलनका रूपमा विकास गर्दा मात्र क्रमशः सफलता प्राप्त हुने विश्वास गर्न सकिन्छ । विश्वदृष्टिकोण परिवर्तनको लडाइँ मानवजातिले लड्नुपर्ने सबैभन्दा लामो र ठूलो लडाइँ हो, त्यसकारण सर्वहारावर्गले अन्तिम लडाइँ कसरी जित्छ र कहिलेसम्ममा जित्छ भन्ने कुराले यस विषयमा पनि निर्णायक महत्व राख्छ भन्ने कुरा स्वतः सिद्ध छ ।

बुद्ध जन्मभूमि नेपाः देसय् सुखशान्ति जुयेमा ।
सकसिकें धार्मिक चेतना विकास जुयेमा ।

मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
ह्वनाछेँ, पाको, न्यूरोड, काठमाडौं ।
फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

पालित्रिपिटक अनुवादमाला

महापरिनिर्वाण-सूत्र

# बुद्धको अन्तिम यात्रा विवरण-१३

✍ अनु. दुण्डबहादुर वज्राचार्य



"सुभद्द ! ती सबैले आ-आफूले प्रकाश गरेका कुरालाई साक्षात्कार गरेका छन् वा छैनन् अथवा केहीले साक्षात्कार गरेका छन्, केहीले गरेका छैनन् भन्ने यो कुरा छाडिदेओ । सुभद्द ! म तिमीलाई धर्मोपदेश गर्नेछु । त्यो राम्ररी सुन, मनमा राख, भन्नेछु ।"

"हवस्, भन्ते !"भनी सुभद्द परिव्राजकले भगवान्लाई प्रत्युत्तर दिए । भगवान्ले यसो भन्नुभयो–

"सुभद्द ! जुन धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइँदैन श्रमण पनि त्यहाँ पाइँदैन । दोस्रो श्रमण पनि त्यहाँ पाईदैन । तेस्रो श्रमण पनि त्यहाँ पाइँदैन । चौथो श्रमण पनि त्यहाँ पाइँदैन । सुभद्द ! जुन धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइन्छ; श्रमण पनि त्यहाँ पाइन्छ । दोस्रो श्रमण पनि त्यहाँ पाइन्छ । सुभद्द ! यस धर्मविनयमा आर्य-अष्टाङ्गिक मार्ग पाइन्छ । सुभद्द ! यहीं श्रमण पाइन्छ । यहीं दोस्रो श्रमण, यहीं तेस्रो श्रमण, यहीं चौथो श्रमण पाइन्छ । अरु वादमा श्रमणहरु शून्य छन् । सुभद्द ! यी भिक्षुहरु यहाँ ठीकसँग बसेमा यो लोक अरहन्तहरूले शून्य हुने छैन ।"

"सुभद्द ! उनन्तीस वर्षको उमेरमा जो म किंकुशल गवेशी भई प्रवजित भएँ ।

"सुभद्द ! अहिले प्रव्रजित भएको पचास वर्षभन्दा बढी भइसक्यो ।

"न्याय धर्मको *(आर्यमार्गको)* प्रदेशमा यसभन्दा बाहिर श्रमण पनि छैन ।"

"दोस्रो श्रमण पनि छैन । तेस्रो श्रमण पनि छैन । चौथो श्रमण पनि छैन । श्रमणहरूबाट परवाद शून्य छन् । सुभद्द ! यी भिक्षुहरु यहाँ ठीकसँग बसेमा यो लोक अरहन्तहरूले शून्य हुने छैन ।"

यस्तो भन्नुहुँदा सुभद्द परिव्राजकले भगवान्लाई यस्तो भने– "धन्य हो भन्ते ! धन्य हो भन्ते ! ! भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकिएकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा वा अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेहरूले रूपहरु देख्ने हुन् त्यस्तैगरी भगवान्ले अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो । भन्ते ! अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! भगवान् समक्ष मैले प्रव्रज्या र उपसम्पदा पाऊँ ।"

"सुभद्द ! जो अघि अन्यतीर्थिय *(अन्य सम्प्रदायका साधु)* भएकाले– यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा हुन चाहन्छन् भने– उसले चार महिनासम्म परिवास बस्नुपर्छ । चार महिना बितेपछि यदि भिक्षुहरु सन्तुष्ट भएमा *(उनीहरूले)* प्रव्रजित र भिक्षुत्वको निमित्त उपसम्पदा पनि गर्छन् । किन्तु मलाई व्यक्ति विशेषता पनि थाहा छ ।"

"भन्ते ! यदि पहिले अन्यतीर्थिय भएकाले– यस धर्मविनयमा प्रव्रज्या तथा उपसम्पदा चाहेमा– चार महिला परिवास बस्नुपर्छ र चार महिना बितेपछि सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त प्रव्रज्या र उपसम्पदा गर्छन् भने म चारवर्ष परिवास बस्नेछु । चारवर्ष पूरा भएपछि सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त मलाई प्रव्रज्या र उपसम्पदा गरून् ।"

अनि भगवान्ले आयुष्मान् आनन्दलाई बोलाउनुभयो– "त्यस्तो भए आनन्द ! सुभद्दलाई प्रव्रज्या गर ।" "हवस् भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । अनि सुभद्द परिव्राजकले आयुष्मान् आनन्दलाई यसो भने– "आवुसो आनन्द ! यो तपाईंहरु सबैको निमित्त लाभ हो । आवुसो आनन्द ! यो तपाईहरु सबैको निमित्त सुलाभ हो ! ! जो यहाँ तपाईंहरूले शास्ताको समक्ष अन्तेवासिक अभिषेकले अभिषेक लिन पाउनुभयो ।" सुभद्द परिव्राजकले भगवान्समक्ष प्रव्रज्या र उपसम्पदा पाए । उपसम्पन्न भएको केही छिन पछि एकान्तवासमा बसी अप्रमत्त भई, आतप्तयुक्त वीर्य गरिरहँदा चाँडै नै आयुष्मान् सुभद्दले जसको निमित्त कुलपुत्रहरु सम्यक रूपले घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्– त्यो अनुत्तर फल प्राप्त गरी ब्रह्मचर्यवास पूरा गरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी उपशान्त भई बसे । जन्म क्षीणभयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त यहाँ आउनुपर्ने कुनै कारण छैन" भन्ने पनि जाने । आयुष्मान् सुभद्द अरहत्हरूमध्येमा एक भए । उहाँ भगवान्का अन्तिम साक्षिश्रावक हुन् ।

तथागतको अन्तिम वचन : त्यसपछि भगवान्ले आयुष्मान् आनन्दलाई यस्तो आज्ञा गर्नुभयो– "आनन्द ! सायद तिमीहरूलाई यस्तो लाग्न सक्छ– बितेका *(अतीत)* शास्ताको यो वचन हो, *(अब)* हाम्रा शास्ता छैनन् । आनन्द ! यस्तो मनमा लिनुहुन्न । आनन्द ! जुन धर्म र विनय देशना गरेको हो प्रज्ञप्त गरेको हो, म न भइसकेपछि त्यही धर्म र विनय तिमिहरूको शास्ता हुनेछन् । आनन्द ! जसरी हिजो आज भिक्षुहरु एक आपसमा 'आवुसो' भनी सम्बोधन गर्छन्, म नभएपछि त्यसरी नै सम्बोधन गरी कुरा नगर्नू । आनन्द ! स्थविरतर *(उपसम्पदा प्रव्रज्यामा जेष्ठ)* भिक्षुहरूले नवकतर *( उपसम्पदा प्रव्रज्यामा कान्छो)* गोत्र अथवा आवुसो भनी बोलाउनू । नवकतर भिक्षुले स्थविरतरलाई 'भन्ते' अथवा 'आयुष्मान्' भनी

बोलाउने गर । आनन्द ! इच्छा भएमा म नभएपछि सङ्घले ससाना *(क्षुद्र-अनुक्षुद्र)* शिक्षापदहरूलाई छाड्न सक्छ । आनन्द ! म नभएपछि छन्द भिक्षुलाई ब्रह्मदण्ड देओ ।

"भन्ते ! ब्रह्मदण्ड भनेको के हो ?"

"आनन्द ! छन्न भिक्षुले अरु भिक्षुहरूलाई जे भने तापनि भिक्षुहरूले उसित केही पनि नबोल्नू, उपदेश नदिनू, अनुशासन नगर्नू ।"

त्यसपछि भगवान्ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो– "भिक्षु हो ! बुद्ध, धर्म, सङ्घ, मार्ग अथवा प्रतिप्रदा *(उपाय)* बारे कोही एकजना भिक्षुको पनि शंका *(सन्देह)*, छ भने सोध । भिक्षु हो ! पछि पच्छुताउनु नपरोस् – 'शास्ता हाम्रा सम्मुख हुनुहुन्थ्यो, हामीले भगवान्को सम्मुख केही पनि सोध्न पाएनौं ।' यस्तो आज्ञा हुँदा ती भिक्षुहरु केही पनि नबोलीकन मौन भईरहे । दोस्रो पटक पनि भगवान्ले ··· *(पूर्ववत्)* ··· तेस्रो पटक पनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो – "भिक्षु हो ! बुद्ध, धर्म, सङ्घ, मार्ग अथवा कांक्षा छ भने सोध । भिक्षु हो ! पछि पच्छुताउनु नपरोस– 'शास्ता हाम्रा सम्मुख हुनुहुन्थ्यो, हामीले भगवान्को सम्मुख केही पनि सोध्न पाएनौं ।' यस्तो आज्ञा हुँदा ती भिक्षुहरु केही पनि नबोलीकन मौन भईरहे । *(फेरि तथागतले भन्नुभयो)*– भिक्षु हो ! तथागतप्रति गौरव राखी *(सङ्कोचको कारण)* तिमीहरूले तथागतसँग नसोधेको हो भने तिमीहरूले आफ्ना सहायक *(मित्र भिक्षुहरु)* मार्फत सोध । यस्तो आज्ञा हुँदा पनि ती भिक्षुहरु केही पनि नबोलीकन मौन भईरहे । त्यसपछि आयुष्मान् आनन्दले भगवान्लाई यस्तो बिन्ती गरे– "आश्चर्य हो, भन्ते ! अद्भुत हो, भन्ते ! आज म यो भिक्षुसङ्घप्रति यो देखेर अत्यन्त प्रसन्न भईरहेको छ कि यो *(यति ठूलो)* भिक्षुसङ्घमा एक जना पनि त्यस्तो भिक्षु छैन जसलाई बुद्ध, धर्म, सङ्घ, मार्ग अथवा उपायको बारे कुनै शंका अथवा कांक्षा विमति, *(मतभेद)* होस् ।

"आनन्द ! तिमीले त यसरी श्रद्धापूर्वक भनिरहेछौ । *(परन्तु)* तथागतले साक्षात *(प्रतक्ष)* जान्दछ कि यो भिक्षुसङ्घमा उपस्थित एक जना पनि भिक्षुसित बुद्ध, धर्म, सङ्घ, मार्ग वा आचरणको बारे कुनै पनि शंका, सन्देह कांक्षा विमति छैन । आनन्द ! यी पाँचसय भिक्षुहरूमध्ये सबभन्दा कान्छो भिक्षु पनि स्रोतापन्न, दुर्गतिमा नपड्ने, निश्चित सम्बोधि-परायण भएको छ ।

अनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "हन्त भिक्षु हो ! अब म भन्दछु कि– सबै संस्कारहरु नःश्वर हुन्, अप्रमादपूर्वक सम्पादन गर । *(वयधम्मा सत्तरा अप्पमादेन सम्पादेथ)* ।" तथागतको यो अन्तिम वचन हो ।

परिनिर्वाणको कथा : अनि भगवान् प्रथमध्यानमा बस्नुभयो । प्रथमध्यानबाट उठ्नुभई द्वितीयध्यानमा बस्नुभयो । द्वितीयध्यानबाट उठ्नु भई तृतीयध्यानमा बस्नुभयो । तृतीयध्यानबाट उठ्नुभई चतुर्थध्यानमा बस्नु भयो । चतुर्थध्यानबाट उठ्नुभई आकाशानन्त्यायत *(ध्यान)* मा बस्नुभयो । आकाशानन्त्यायतनबाट उठ्नुभई विज्ञानन्त्यायतन *(ध्यान)* मा बस्नुभयो । विज्ञानन्त्यायतनबाट उठ्नुभई आकिञ्चन्यायतन *(ध्यान)* मा बसनुभयो । आकिञ्चन्यायतनबाट उठ्नुभई नैवस.ज्ञानासंज्ञायतन *(ध्यान)* मा बस्नुभयो । नैवसङ्ज्ञानासंज्ञायतनबाट उठ्नभई संज्ञावेदयितनिरोध *(ध्यान)* मा बस्नुभयो ।

संज्ञावेदयितनिरोधबाटउठ्नुभई नैवसंज्ञाना संज्ञायतनमा बस्नुभयो । नैवसंज्ञानासंज्ञायतनबाट उठ्नुभई आकिञ्चन्यायतनमा बस्नुभयो । आकिञ्चन्यायतनबाट उठ्नुभई विज्ञानन्त्यायतनमा बस्नुभयो । विज्ञानन्त्यायतनबाट उठ्नुभई आकाशानन्त्यायतनमा बस्नुभयो । आकाशानन्त्यायतनबाट उठ्नुभई चतुर्थध्यानमा बस्नुभयो । चतुर्थध्यानबाट उठ्नुभई तृतीयध्यानमा बस्नुभयो । तृतीयध्यानबाट उठ्नुभई द्वितीयध्यानमा बस्नुभयो । द्वितीयध्यानबाट उठ्नुभई प्रथमध्यानमा बस्नुभयो ।

*(त्यसपछि फेरि)* प्रथमध्यानबाट उठ्नुभई द्वितीयध्यानमा बस्नुभयो । द्वितीयध्यानबाट उठ्नुभई तृतीयध्यानमा बस्नुभयो । तृतीयध्यानबाट उठ्नुभई चतुर्थध्यानमा बस्नुभयो । चतुर्थध्यानबाट उठ्नुभई तदनन्तर भगवान् परिनिर्वाण हुनुभयो ।

क्रमशः.....

# गजल

– वजिरञाण

लोभ-लालच अहंकारको, भारी बोक्ने हामीहरू
परिणामतः शोक सन्ताप, दुःख पोख्ने हामीहरू

सुखशान्तिपूर्वक, जिउने सबलाई रहर हुन्छ
विनादुःख विनासंघर्ष, फल खोज्ने हामीहरू

चाकडी र चाप्लुसीको, संस्कार छ यो समाजमा
निरीह र लाचार बन्दै, खुट्टा ढोग्ने हामीहरू

सद्धर्मलाई बुझ्छौं हामी, बुझेर बुझ पचाउँछौ
अर्काको दोष गल्ती देख्छौं, आफ्नो छोप्ने हामीहरू

जन्मेदेखि दुःख बोक्यौं, छोड्दैन नमरून्जेल
मुक्तिको मार्ग भुल्यौं, गलत सोच्ने हामीहरू ।



क्रमशः ......

# गथे पाः जूगु खः स्वयेमाल

✍ हेरारत्न शाक्य
युवक बौद्ध मण्डल

राज्यय् दुने थ्यंक ल्हाः मदु बौद्धतय्
नुगलय् दुने द्वाहाँ वंक घाः मदु बौद्धतय्
नेता तय्सं बुद्धया नां कायेवं लय्ताः बौद्धत
लुम्बिनी दयेका बी धायेवं लय्ताः बौद्धत

अहो दुने दुने ला हाः चाइपिं इपिं खनिं
भीत ला मिखा पिइका द्याकाबिल खनिं
धर्म-सहिष्णुता तायाच्वनागु ला खन नि
क्वाः क्वाः भीत लायेगु ज्याभः जुल खनिं

आः नं म्हुतुइ धौ फिनाः ल्हाः प्वःचिनाः
खःजिपिं बुद्ध यःपिं बुद्धया चेला धायेका च्वना
पाठ पूजाय् जक शान्ति काये यःपि बौद्ध धाःपिं
खः बौद्ध खः धायेत छाय् मछाला च्वंपिं

देशय् मनूत ला बढे जुया हे च्वंगु दु
गृहस्थ बौद्धतय् नं मचात दया हे च्वंगु दु
गनं गथे पाः जूगु खः स्वयेमाल क्वथीक
आलपं जूगु खःसा वनेमाल क्वातुक ।



# प्रभातफेरी

✍ ब्रह्मशेखर वज्राचार्य
असन टोल, तानसेन

भीपिं सकलें मिलेचले जुया न्हूगु दँया सः थ्वयेकेनु
भीगु पुलांगु संस्कृति धुकू चायेका हानं लुमंकेनु

(१)

भिन्छसः व स्वीस्वदँ क्यंगु थौंया दिन गथे च्वन जुइ
शान्तसुन्दर जः ज्वनाः सुर्द्यो जहांथिनाः क्यन जुइ
दुःखंकःपिं नेपाःमितय्त अमृत त्वंकल थें जुल जुइ
धन्य धन्य साख्वाः भाजु धकाः सकसिनं धाःवल जुइ

(२)

न्ह्यागु हे जूसां न्हूगु दँया ग्वःसाः गोयेनु भीसं
थौंयागु उमंग ज्वनाः न्हूदँ लसकुस यायेनु
भः भः धायेका मण्डलय् च्वनाः म्हपूजा यायेनु
न्हूगु दँया भिन्तुना हिलाः कालबिल यायेनु



अत्तानं एव पठमं - पटिरूपे निवसये ।
अथञ्‍ञम'नुसासेय्य- न किलिसेय्य पण्डितो ॥

*अर्थात् : आफूलाई नै पहिले उचित स्थानमा राख, अनिमात्र अरूलाई उपदेश गर, यसरी व्यवहार गर्ने पण्डितको चित्तमा क्लेश (दुःख) भित्रिँदैन ।*

**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर

# Faith Without Knowledge

✍ Pro. Subarna Sakya



There is a need of any things of man. The humanity doesn't remain without faith. The child is nursed by the faith of parents and children faithfully awaken parents. The loving kindness and compassion is expanded through the faith. The virtue of Karma (moral duty) without faith does not become fruitful. Not only has the issue of religion, the great importance of faith existed in every phase of life. The vigor doesn't come in any place of any work without the faith. In the field of religion, the magnitude of faith remains very high. Buddha has described the types of faith. If one can read and memorize the types of faith thoroughly and can explain it, such type of person is applauded in the society. The one who knows the faith topic feels proud by thinking himself wise. There are also devotees who become content by thinking that they have sent their parents to heaven after finishing the sraddha (ceremony done in the honor of deceased) worshipping to their deceased parents. The faith is praised everywhere.

Faith is the compulsory things for man. There will be no man who ignores the obligation of faith. Those without faith are called inhuman. Even if the person is very much poor, uneducated but if he is faithful, all desire such person. The faithful man never has to remain hungry. If a person becomes poor and uneducated by being faithful; he will get food by only becoming a servant, even the thief, thug and wicked loves the person who shows faith on them. The explanation of faith in this world is infinite.

***Faith is the compulsory things for man. There will be no man who ignores the obligation of faith. Those without faith are called inhuman. Even if the person is very much poor, uneducated but if he is faithful, all desire such person.***

Having faith in men is an excellent obsession. If one adds knowledge in faith, it will be exceedingly food, if there is no knowledge having faith, and then the worth of faith will be diminished. For example, through born as man if he is blind, then the worth of the body will get reduced. The blind cannot distinguish the colors of objects though others have told him about it and he has to rely on other belief. They will be obliged to follow what other say. If there have been eyes the importance of body would have been increased suitably. Similarly, if there is knowledge along with faith the subject and character of subject will be recognized will. As trust is the basis for the blind, the saying, action and excitement of others will become foundation in the faith without knowledge. The knowledge without faith will suspend even the reality in another side.

Worship, manner, devotion and offering etc are all the parts of observance of faith. This worship, offering and all such things are done with faith. If there remains there lack of knowledge upon this faith then these organs of religion will become cripple. Buddha has mentioned the rule of worshipping by describing the aim of worshipping. Buddha has also included the significance of manner, devotion and offering along with the worshipping in his discourse. No follower of Buddha should doubt that if one has conducted worshipping, devotion and offering by understanding the Buddha's discourse in opposite way, then its outcome becoming opposite, there will be destruction and disconsolation to self and others both. Those who carry out Buddha's teachings by learning and understanding it should have knowledge of things becoming reverse or right. This is the topic one should consider. The faith along with knowledge will raise the society. It is also considerable that the faith without knowledge creates discoed in the society. It is also not necessary to explore that the quarrel, violence and restlessness makes man bear

trouble. Therefore, we should remember that there would be no good by applying the reverse way in the name of worshipping and running the religious programme. In most of religious programme or worshipping these days, the things are done randomly in the name of making it workable. But in those people possessing the workable attitude, there seems no feeling of study and understanding of Buddhism. It is also seen that the things that is prohibited is being offered and the things that is inappropriate is being done.

It seems as is one has forgotten the teaching of Buddha. It is also seen that if one has forgotten to be faithful in worshipping and the politeness of worshipping by decorating the worshipping place very colorfully, remaining busy in consuming food and drink, remaining busy in talk etc. even when the Buddhist organizations that runs Buddhist progammes organizes the programmes, it law and order for Buddhists. It is not seen that the responsibility and idea according to Buddhism have been taken in Buddhist activities. The question has been raised too whether one apply the action, thing and behavior according to Buddha's discourse or run time by making programme self willingly in order to publicize Buddhism. Even there seems no discussion held about where one should make utilize of Buddha's teaching in today's context. If we are to view today's procedure of Buddhist activity, it seems that the deceitful, showy and superstitious programmes have been run.

There comes a challenge in the conservation of religion today. It is not enough to look only on the surface level in religious sector but the internal under grounded level should be watched. The religious condition is seen as if one thing in face and another in heart. There seems no account of where the peace has reached and how many have understood the religion. It is also seen that in saying it is religion but in reality it is different types of whirpool remains, this is also considerable. Today's religious devotees seem weak in things about bringing the emotional unity in religion. Those who sing devotional hymns do not give attention towards how many people listen to it and how much he himself understood, but he looks upon the lightal lamp (Arati). Such condition has made as if the importance of religious hymns have been lost. It is seen that people are being lost from the self-reliance in religion. The activities do not seem headed in the qualitative action that improves the character. It seems as if people are heading towards trivial thing rather than major and proper religious matter. If the hand of time-sever becomes active in the religious works then there will be entertainment and personal influence instead of awareness and there will be cheap programme of veneration. There should not be worshipping by making disharmony and it won't be right to have such devotion. Similarly, there will be reverse action of let the good faith last for long period if one runs after the wrong activity even through it was told by the Buddhist organizations.

There are also devotees without knowledge who makes others fool in every field. This sort of devotees without knowledge provides company to thief and liars. It cannot be said that there won't be some who shows faithful feeling outwardly only and lives by cheating others. Some are also seen rigid though they remain faithful without knowledge. Those who keep faith alone without knowledge also keeps ego. We should also not turn back to say that the fake religious followers also pretend to be faithful and remain as if a crane is aiming for fish. It is also not rare to see that the imitators splash mud to gentle and meek and appears to layman. The real committed religious wise and virtuous personality will be threat to wicked and religiously unaware people because they cannot fraud the learned ones and their cunningness does not get success in front of them.

Even though there are many qualitative aspects of faith, the faith without knowledge will be very dangerous to the society. According to the Buddha who awakens the humanity, there are many evils in this earth, kind-men remains few and people should think himself about every things, others should not cheat him. It is the duty of real follower of Buddha to continuously devote to light the lamp of faithful people with the knowledge in order to make faith advantageous to man. It is essential to be aware towards the distrust that enters into faith all the time so that Buddha's teaching becomes fruitful and the welfare of human being is fabricated.

# बौद्ध गतिविधि

## आनन्दकुटीमा मासिक बुद्धपूजा

१३ मंसिर, काठमाडौं । सकिमिला पुन्हि-मंसिर पूर्णिमाका दिन आनन्दकुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भयो । लंकाराम चैत्य परिसरमा दीप-प्रज्वलनपछि सामूहिक रूपमा लामबद्ध भइसकेपछि बुद्धपूजा सम्पन्न भयो । कार्यवाहक विहार प्रमुख भिक्षु धर्ममूर्ति महास्थविरसमक्ष पंचशील-प्रार्थना र बुद्धपूजापछि भिक्षु अस्सजिले ध्यानभावना तथा पूर्णिमाको महत्त्वका कारण त्यागभावनालाई जीवन्त तुल्याउन सकिने बारेमा धर्मदेशना गर्नुभयो । उपस्थित सम्पूर्ण भिक्षु, श्रामणेर, अनागारिका तथा उपासक-उपासिकाहरूका लागि जलपान-भोजन दान गरियो ।

## अम्बेडकरको ५६ औं वार्षिक पुण्यतिथि



२२ मंसिर, नगदेश । भारतीय संविधान निर्माता एवं दलित वर्गका नेता बौद्ध विद्वान दिवंगत डा. भीमराव अम्बेडकरको ५६ औं वार्षिक पुण्यतिथि नगदेश बौद्ध समूहको आयोजनामा एक धार्मिक कार्यक्रम गरी सम्पन्न गरियो । अनागारिका अनुपमाको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा सचिव कृष्णकुमार प्रजापतिले डा. अम्बेडकरको जीवनीसहित भारतमा बुद्धधर्मको पुनरूत्थान कार्यमा वहाँले पुऱ्याउनुभएको योगदान बारे चर्चा गर्नुभयो । स्मरणीय छ, सन् १९५६, अक्टोबर १४ विजयादशमीका दिन डा. अम्बेडकर ऊ चन्द्रमणी महास्थविरबाट बुद्धधर्ममा दीक्षित भइसकेपछि वहाँको प्रवचन सुनेर भारतमा बौद्ध धर्मावलम्बीको संख्यामा उल्लेखनीय रूपमा वृद्धि भएको थियो । नगदेश बुद्धविहारको सहयोगार्थ अनागारिकाहरूद्वारा भिक्षाटन हुँदा रू. २४,५०४।- (चौबीस हजार पाँचसय चार) र ९० पाथी चामल संकलन भएको थियो । धार्मिक क्रियाकलापसहितको उक्त कार्यक्रम समूहका अध्यक्ष न्हुच्छेकुमार सिंकेमनको सभापतित्वमा सम्पन्न भयो ।

## १७ औं परियत्ति वक्तृत्वकला

२३ मंसिर, ललितपुर । परियत्ति शिक्षालाई विद्यार्थी वर्गमाझ प्रचारप्रसार गर्ने उद्देश्यले परियत्ति वक्तृत्वकला प्रतियोगिता संचालन समितिको तत्त्वावधानमा १७ औं द्वैमासिक परियत्ति वक्तृत्वकला प्रतियोगिता विश्वमैत्री विहार, मंगलवजारस्थित सम्पन्न गरियो । अखिल नेपाल भिक्षु महासंघका कार्यकारिणी सदस्य भिक्षु भद्दिय महास्थविरको आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा संचालक समितिका संस्थापक एवं ललितपुरका पूर्वमेयर बेखारत्न शाक्य, संरक्षक दाता मोतिलाल शिल्पकार एवं अध्यक्ष विष्णु शाक्यलगायतले परियत्ति शिक्षाको महत्त्व आवश्यकता र उपयोगितको सन्दर्भमा आ-आफ्ना धारणा राख्नुभयो । उपत्यकाको विभिन्न विद्यालय, विहार, संघसंस्थाहरूबाट सहभागी परियत्ति वक्ताहरू मध्येबाट निर्णायक मण्डलका संयोजक भिक्षु पञ्ञासारले प्रथम, द्वितीय र तृतीय हुन सफल क्रमशः डि.ए.भि. स्कूलका सुनयना योगी, चेतनबोधन परियत्ति केन्द्र, चेतनालय, पुल्चोकका सिचू शाक्य र आदर्श सरल मा.वि. नागबहालका लालबहादुर तामाङ्गको नाम घोषणा गर्नुभयो । पुरस्कार दाता मोतिलाल शिल्पकारले विजयी वक्ताहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो । कार्यक्रममा १८ औं द्वैमासिक वक्तृत्वकला माघ २७ गते सम्पन्न गर्ने गरी ज्योति विहार चापागाउँलाई हस्तान्तरण गरियो । आयोजक विश्वमैत्री विहार, मंगलबजारका अध्यक्ष आशाकाजी महर्जनको सभापतित्व एवं वक्तृत्वकला प्रतियोगिता संचालन समितिका कोषाध्यक्ष सानुछोरी शाक्यको संचालनमा सो कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा विष्णु विकल्प शाक्यले आफ्नो रचना तथा संगीतबध्द निम्न गीत गाउनुभयो- **"आज मैले पढेको, परियत्ति शिक्षा, पढौं पढौं पढौं लाग्ने । परियत्ति शिक्षा नौलो नौलो नयाँ ज्ञान, जान्न बुझ्न पाउने, सुखी जीवन जिउन, पढ्नै पर्ने परियत्ति ...."**

## भिक्षु शोभितको ३१ औं प्रव्रज्या दिवस

३० मंसिर, काठमाडौं । संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा गणवहालस्थित गण महाविहारका प्रमुख भिक्षु शोभित महास्थविरले आफ्नो ३१ औं प्रव्रज्या दिवस गुरूहरू भिक्षु अश्वघोष महास्थविर एवं भिक्षु मैत्री महास्थविरलाई

You may Visit : www.anandabhoomi.com



गुरूपूजा गरी मनाउनुभयो । उक्त अवसरमा नेपालको थेरवादी बुद्धधर्म प्रचारप्रसार, उत्थान तथा संरक्षण संवर्द्धनमा आफ्नो सम्पूर्ण जीवन समर्पण गर्नुहुने अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनीका अध्यक्ष एवं आनन्दकुटी विहारका प्रमुख भिक्षु मैत्री महास्थविर तथा ललितपुरका अनागारिका नेक्खमी पारमीलाई अभिनन्दन गरियो । बुद्धधर्मको क्षेत्रमा विशिष्ट योगदान गरिरहेका काठमाडौंका लाभरत्न तुलाधर र प्राज्ञ रीना तुलाधर, भक्तपुरका रामकृष्ण बैद्य, ललितपुरका हेमवहादुर शाक्य, शान्तमान शाक्य, शाक्य सुरेनलाई धर्मविजय पदनम, गणमहाविहारले



दोसल्ला ओढाई सम्मान-पत्र प्रदान गरियो । कार्यक्रममा संघनायक भिक्षु अश्वघोष महास्थविर, भिक्षु मैत्री महास्थविर, प्राज्ञ रीना तुलाधरलगायतले बोल्नुभयो भने धर्मविजय पदनमका सचिव रमना श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । संस्थाका अध्यक्ष शोभित महास्थविरको अध्यक्षतामा सम्पन्न सो प्रव्रज्या दिवसको अवसर पारी वीर अस्पतालका बिरामीहरूलाई फलफुल तथा बिस्कूट वितरण एवं नेपाल आदर्श मा.वि. का विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिएको थियो ।

## पुण्यतिथिमा भोजन दान



१ पुष, काठमाडौं । दिवंगत संघउपनायक आचार्य भिक्षु कुमार काश्यप महास्थविरको पुण्यस्मृतिमा एक वर्षसम्म नियमित रूपमा मासिक धर्मकर्म गर्ने निर्णयअनुरूप बुद्धविहार भृकुटीमण्डपमा भिक्षुसंघ तथा अनागारिका संघलाई जलपान भोजन दान-पुण्यकार्य सम्पन्न गरियो । सो दिन धर्मकीर्ति विहारका पूर्णहिरा पुचः परिवारले भोजन दान सौजन्य गर्नुभएको थियो ।

## चीनमा थेरवादी भिक्षु सीमागृह स्थापना

२७ मंसिर, चीन । चीनको युनान प्रान्तस्थित शिन्शुबान्हाः मा स्थापित वाट् पाजी (बुद्धविहार) थेरवाद विहारमा नवनिर्मित भिक्षु सीमागृह (Theravada



Ordination Hall) एक अन्तर्राष्ट्रिय समारोहबीच धार्मिक विधिपूर्वक 12.12.12 का दिन अनावरण सम्पन्न गरिएको छ । चीन, म्यानमार, थाइलैण्ड, श्रीलंका, लाओस्, बङ्गलादेश, भारत तथा नेपाल गरी आठवटा राष्ट्रहरूको सहभागितामा समुद्‌घाटन समारोह सम्पन्न भएको थियो । सो समारोहमा नेपालबाट विश्वशान्ति विहारका भिक्षु बोधिज्ञान स्थविर र भिक्षु निग्रोध, बुद्धविहार भृकुटीमण्डपका भिक्षु कोण्डन्य, मानभवनका उपासक पुष्करमान शाक्य सहभागी हुनुभएको थियो । चीन सरकारले थेरवाद बौद्धविश्वविद्यालय स्थापना गर्ने निर्णय गरेको बारेमा उद्‌घाटन समारोहबीच जानकारी गराइएको थियो । नेपालका सहभागीहरूलाई कुनमिन शहरमा भएका धार्मिक स्थलको विशेष अवलोकन भ्रमण गराइएको थियो ।

## परियत्ति पुरस्कार वितरण तथा अक्षय कोष स्थापना

बुटवल । पद्मचैत्य विहार बुटवल परियत्ति केन्द्रमा भिक्षु सागरधम्मको प्रमुख आतिथ्यमा परियत्ति परिक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाण-पत्र वितरण कार्यक्रम सम्पन्न भयो । परियत्तिको मन्तव्यपछि विहारका अध्यक्ष बिमलबहादुर शाक्यले रू. एक लाखको अक्षय कोष निर्माण गर्ने प्रस्ताव राख्नुभयो । त्यस्तै केन्द्राध्यक्ष श्रामणेर कविन्दोले परियत्ति शिक्षाको महत्त्व बारेमा प्रकाश पार्नुभयो । अन्तमा प्रमुख अतिथिलाई उपहारस्वरूप मायाको चिनो प्रदान गरियो । अन्तमा बिशिष्ट अतिथि भिक्षु ज्ञानेन्द्र तथा प्रमुख अतिथिद्वारा छोटो प्रवचनपछि सभा विसर्जन गरियो ।

## डा. मोलिनी र डा. धम्मविजया अभिनन्दित

७ पुष, स्वयम्भू । म्यानमारका अनागारिका डा. मोलिनीलाई म्यानमार सरकारले "अग्गमहागन्थवाचक पण्डित" उपाधि प्रदान गरिएको तथा नेपाली अनागारिका डा. धम्मविजयाले




बुद्धशासनमा प्रव्रज्यादीक्षा प्राप्त गरेको २५ वर्षको स्मरणीय पाटो अगाडि सारी उहाँहरूको बुद्धशासनिक योगदानलाई समेत कदर गरी किण्डोल विहारमा एक धार्मिक समारोहकाबीच विशेष अभिनन्दन गरियो । संघनायक भिक्षु अश्वघोष महास्थविर, अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविर, नेपाल अनागारिका संघका अध्यक्ष एवं निर्वाणमूर्ति विहार, किण्डोलका अध्यक्ष अनागारिका धम्मवती, अभिनन्दित व्यक्तित्व डा. मोलिनी तथा डा. धम्मविजया, प्रमुख अतिथि वातावरण, विज्ञान तथा प्रविधि मन्त्री डा. केशबमान शाक्य, श्रीलंका र म्यानमारका महामहिम राजदूतहरू, निर्वाणमूर्ति विहारका उपाध्यक्ष पूर्णरत्न वज्राचार्य, महासचिव अमृतमान ताम्राकार, प्राज्ञ रीना तुलाधरलगायतले निर्वाणमूर्ति विहारको आयोजनामा सम्पन्न अभिनन्दन समारोहमा बोल्नुभयो । सन् २००२ मा भारतको बुद्धगयास्थित मगध विश्वविद्यालयबाट अभिनन्दित व्यक्तित्वद्वय डा. मोलिनीले "The Historical Journey of Bhikkhuni Sangha" र डा. धम्मविजयाले "Buddhist Feminism" विषयमा विद्यावारिधी उपाधि प्राप्त गरेका हुन् ।

निर्वाणमूर्ति उपासिकारामका संस्थापिका दिवंगत अनागारिका धर्मचारी (लक्ष्मीनानी)ले नेपालको थेरवाद बुद्धधर्मको पुनर्जागरण कालमा अहं भूमिका निर्वाह गर्नुभएको आजको निर्वाणमूर्ति विहार, किण्डोललाई अनागारिका धम्मवतीको सफल नेतृत्वदायी भूमिका, डा. मोलिनी तथा डा. धम्मविजयाको सकृयता, श्रद्धालु दाता उपासक द्रव्यमानसिं तुलाधर (भाइराजा साहु) तथा उपासिका बसुन्धरा तुलाधर सपरिवार, दाता राजेश श्रेष्ठ तथा शोभा श्रेष्ठलगायत अन्य दाताहरूको धार्मिक श्रद्धाका कारण किण्डोल विहारले नयाँ धार्मिक उर्जा प्राप्त गरेको उदाहरणीय-स्मरणीय पाटो मानिंदैछ ।

## दुर्गादास रंजितको स्मृतिमा निरन्तर महापरित्राण



६ पुष, काठमाडौं । विगत १२ वर्षदेखि निरन्तर साप्ताहि महापरित्राण गर्दैआइरहेको र ५ वर्षअगाडि दिवंगत उपासक दुर्गादास रंजितको पुण्यस्मृतिमा टेकुस्थित स्वनिवासमा भिक्षुमहासंघबाट पवित्र महापरित्राण पाठ सम्पन्न भयो । संघनायक भिक्षु अश्वघोष महास्थविरको समुपस्थितिमा श्रीमति लक्ष्मीदेवी रंजित परिवारको आयोजनामा मंसिर ३० देखि पुष ६ सम्म संचालित उक्त महापरित्राणका संयोजक भिक्षु शोभित महास्थविरका अनुसार दाता परिवारले वर्षेनी निरन्तररूपमा साप्ताहि महापरित्राण पाठको आयोजना गरिने छ । रंजित परिवारले भिक्षु अश्वघोषद्वारा लिखित दर्जनौं पुस्तक धर्मदानस्वरूप प्रकाशन गर्नुभएको छ ।

## भिक्षुहरूबाट धार्मिक भ्रमण सम्पन्न

७ पुष, काठमाडौं । विगत वर्षझैं महास्थविर तथा स्थविर भिक्षुहरूको समूहले धादिङ्, रसुवा, नुवाकोट जिल्लाका विभिन्न धार्मिक एवं ऐतिहासिक स्थलको धार्मिक भ्रमण गरेका छन् । त्रिशुलीस्थित सुगतपुर विहारमा विशेष धार्मिक कार्यक्रम हुँदा भिक्षु गुणघोष महास्थविरसमक्ष शीलप्रार्थनापछि भिक्षु



भद्दिय महास्थविरले प्रवचन गर्नुभयो । कालोपुल निवासी उपासक जुजुभाइ तुलाधर तथा उपासिका मङ्गललक्ष्मी तुलाधर परिवारले सो भ्रमणको सम्पूर्ण व्यवस्थापन गर्नुभएको थियो । दाता परिवारले गतवर्ष संघनायक भिक्षु अश्वघोष महास्थविरलगायत भिक्षुसंघलाई दोलखा, तातोपानी आदि क्षेत्रमा धार्मिक भ्रमणको व्यवस्थापन गर्नुभएको थियो । साथै सोही दाता परिवारले दिवंगत भिक्षु कुमार काश्यप महास्थविर अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष हुँदा राष्ट्रभरिका विहारहरूमा शुभेच्छा भ्रमणको आयोजना गर्नुभएको सर्वविदित नै छ ।